## भाग १
## प्रारम्भिक

### १.१ विषय प्रवेश

कन्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं २, उल्टाखामका यज्ञराज पन्तकी छोरी निर्मला पन्त (वर्ष १३, स्थानीय सरस्वति मा. वि. मा कक्षा ९ मा अध्ययनरत) गत: २०७५ साउन १० गते साथीको घरमा गएकी र भोलिपल्ट वलात्कार गरी हत्या गरिएको अवस्थामा नजिकैको उँखु वारीमा मृत अवस्थामा फेला परेको घटनाका दोषीको पहिचान गरी कारवाही गरिनुपर्ने माग गर्दै भएका दवावपूर्ण गतिविधि तथा सो घटना सन्दर्भमा भइरहेको प्रहरी अनुसन्धान प्रक्रियाप्रतिको अशन्तुष्टिस्वरुप भएको आन्दोलन र त्यसक्रममा भएको सुरक्षा कारवाहीमा सन्नी खुना (भीमदत्त न पा १८ भगतपुर, वर्ष १५) को मृत्यु हुनुका साथै केही घाइते तथा सरकारी एवं निजी सम्पत्तिमा क्षति भएको थियो। यसप्रकार भएको उक्त घटनाको सत्यतथ्य छानविन गरी नेपाल सरकार, गृह मन्त्रालय समक्ष प्रस्तुत गर्ने यो प्रतिवेदन तयार गरिएको छ।

### १.२ छानविन समिति गठन तथा कार्यादेश

वालिका निर्मला पन्तको वलात्कारपश्चात हत्या गरिएको घटनाका दोषी पत्ता लगाई कारवाही गर्नुपर्ने मागसहितको दवावपूर्ण गतिविधि र त्यसक्रममा भएका सुरक्षा कारवाहीका सन्दर्भमा सत्यतथ्य छानविन गरी १५ दिन ( पुनः१५ दिन म्याद थप) भित्र प्रतिवेदन पेश गर्ने नेपाल सरकार(मा. गृहमन्त्रीस्तर)वाट मिति २०७५।०५।०७ गतेको निर्णयअनुसार देहायका ५ सदस्यीय छानविन समिति गठन भएको थियो । छानविन समिति गठनसम्वन्धी श्री गृह मन्त्रालय(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)को पत्रसंख्या शा.सु.आ.व. ०७५।०७६ च.नं. को पत्र अनुसूची १ मा संलग्न गरिएको छ।

**छानविन समितिका पदाधिकारी तथा सदस्यहरु**

| | |
|---|---|
| सह सचिव हरिप्रसाद मैनाली, गृह मन्त्रालय | संयोजक |
| प्रहरी नायव महानिरीक्षक रामप्रसाद श्रेष्ठ, प्रहरी प्रधान कार्यालय | सदस्य |
| सशस्त्र प्रहरी नायव महानिरीक्षक वसन्त वानियाँ, सशस्त्र प्रहरी वल नेपाल | सदस्य |
| अनुसन्धान निर्देशक लक्ष्मण गुरुङ, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |
| उप सचिव विरेन्द्रवहादुर के.सी.,<br>आन्तरिक मामिला तथा कानुन मन्त्रालय, ७ नं प्रदेश, धनगढी | सदस्य |

यस समितिलाई देहायका कार्यादेश तोकिएको थियो।

- मृतक निर्मला पन्तको हत्यासम्वन्धी घटनाको विस्तृत छानविन गरी सत्यतथ्य विवरणसहितको प्रतिवेदन पेश गर्ने,
- वालिका निर्मला पन्तको मृत्युलाई लिएर भएका विरोध प्रदर्शनहरुमा भएको क्षति तथा स्थानीय प्रशासनले निर्वाह गरेको भुमिकाको मुल्यांकन गरी कमिकमजोरी पहिचान गर्ने र सुधारका उपायहरु सिफारिस गर्ने,
- २०७५ भाद्र ८ गते भएको सुरक्षा कारवाहीमा गोली लागि मृत्यु भएको तथा घाइतेहरुका सम्वन्धमा, तोडफोड, आगजनीवाट सरकारी तथा निजी सम्पत्तिमा पुगेको क्षति सम्वन्धमा छानविन गरी प्रतिवेदन गर्ने।

## १.३ प्रतिवेदन तयार गर्न अपनाइएको विधि

यो समितिलाई १५ दिनको कार्य अवधि तोकिएअनुरुप समितिका संयोजक तथा सदस्यहरुको टोली मिति २०७५ भाद्र ८ गते कन्चनपुर जिल्लाको भिमदत्त न.पा. महेन्द्रनगर पुगी सोही दिनदेखि कार्यारम्भ गरेको थियो। विभिन्न कोणवाट घटनासंग सम्वन्धित तथ्य, सूचना, जानकारी आदि प्राप्त गरिएको र यसप्रकार संकलित सूचनाहरुको सुक्ष्मरुपमा अध्ययन, मुल्याङ्कन एवं विश्लेषण गरी निश्कर्षमा पुगिएको थियो। यसरी सूचना प्राप्तिको क्रममा समितिले मुख्यतः देहायका विधिहरु अपनाएको थियो।

जिल्ला प्रहरी कार्यालय लगायत अन्य निकायवाट उपलब्ध भएका कागजात, निर्मला पन्तको हत्या घटनाको सम्वन्धमा अनुसन्धान गर्न जिल्ला प्रहरी कार्यालय कन्चनपुरवाट गठित अनुसन्धान टोलीले गरेका कामकारवाही, त्यसक्रममा खडा गरिएको मुचुल्का, मिसिल समेतका कागजात, तालुक कार्यालयहरुमा गरिएको प्रतिवेदन आदिको पनि अध्ययन गरिएको थियो। यस्तै विभिन्न छापा तथा विद्युतीय संचार माध्यममा प्रकाशित एवं प्रचारित समाचार, प्रेस विज्ञप्ति, प्रचारमा ल्याइएका अन्य जानकारीमुलक तथ्यहरुसमेतलाई सन्दर्भ सामग्री तथा सूचनाका द्वितीय स्रोतहरुको रुपमा उपयोग गरी त्यसैका आधारमा घटनाको अध्ययन एवं विश्लेषण गरिएको छ।

- निर्मला पन्तको शव वरामद भएको स्थान र आसपासका क्षेत्रको स्थलगत अध्ययन एवं अवलोकन,

- पीडित परिवारका सदस्यहरु,विभिन्न राजनीतिक दलका प्रतिनीधि, नागरिक अगुवा, अधिकारकर्मीहरु, पत्रकारहरु, जनप्रतिनीधिहरु समेतसंग छलफल, अन्तरक्रिया,

- मृतकले प्रयोग गर्दैआएको साईकल नालीमा रहेको अवस्थामा पहिलोपटक देख्ने स्थानीय महिलाहरु, नालीवाट साईकल झिकेर वाहिर ल्याउने व्यक्ति साधुराम चौधरी, वविता वम र आँचल वमसमेतसंग सोधपुछ,

- उक्त घटनाका सम्वन्धमा भइरहेका अनुसन्धान, अनुसन्धान कार्यमा खटिएका प्रहरी अधिकृत तथा कर्मचारीहरु, सुरक्षा व्यवस्थापन गर्नेक्रममा भएको प्रहरी परिचालन एवं खटनपटन, त्यसक्रममा विभिन्न स्थानमा कमाण्डरको रुपमा खटिएका प्रहरी अधिकृतहरुसंग सोधपुछ,

- प्रमुख जिल्ला अधिकारी लगायत जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुसंग छलफल र अन्तरक्रिया गरिएको,

- शवको पोष्टमोर्टममा संलग्न चिकित्सक, जिल्ला न्यायाधीवक्ता,अनुसन्धानको सिलसिलामा हिरासतमा लिई पछि सोधपुछपश्चात छाडिएका व्यक्तिहरु,

- निर्मला पन्त गृहकार्य गर्न गएको भनीएका रोशनी भन्ने आंचल वमको घर कम्पाउण्डको स्थलभित्र अध्ययन एवं अवलोकन,

- घटनासंग जोडिएर आएका तथा सरोकारवाला विभिन्न व्यक्तिहरुसंग भेटघाट, छलफल र कुराकानी,

- सम्वन्धित निकायवाट उपलव्ध भएका कागजात, प्रतिवेदन, छापा तथा विद्युतीय संचार माध्यममा प्रकाशित खवर, घटनासंग सम्वन्धित श्रव्यदृश्य समेतका सन्दर्भ सामग्रीको अध्ययन।

## १.४ प्रतिवेदनको उद्देश्य

प्रस्तुत प्रतिवेदनको उद्देश्य वालिका निर्मला पन्त ( कन्चनपुर जिल्ला, भिमदत्त न पा  वडा नं.२) को हत्या सम्वन्धी घटनाको विस्तृत छानविन गरी सत्यतथ्य विवरणसहितको  प्रतिवेदन पेश गर्ने तथा विरोध प्रदर्शनमा भएको सरकारी तथा निजी सम्पत्तिमा पुगेको क्षति, स्थानीय प्रशासनले निर्वाह गरेको भुमिकाको मुल्यांकन गरी कमिकमजोरी पहिचान गर्ने र सुधारका उपायहरु सिफारिस गर्नु रहेको छ ।

## भाग २

## छानविन प्रतिवेदन

### २.१ घटनाको संक्षिप्त विवरण

कन्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं २, उल्टाखामका यज्ञराज पन्तकी छोरी निर्मला पन्त (वर्ष १३, स्थानीय सरस्वति मा. वि. मा कक्षा ९ मा अध्ययनरत) साउन १० गते ११.०० वजेतिर सोही नगरपालिका वडा नं १८, भगतपुर निम्वुखेडास्थित साथी रोशनी वमको घरमा होमवर्क गर्न भनी साइकल चढेर गएकोमा साउन ११ गते विहान ०९.०० वजेतिर नजिकैको उखुवारीमा मृत अवस्थामा भेटिएको थियो।

वालिका निर्मला पन्तलाई वलात्कारपश्चात हत्या गरिएको भन्दै पीडित पक्ष, आफन्तजन तथा विभिन्न संघसंस्थामा आवद्ध समेतले नगरपालिकाका प्रमुख सुरेन्द्र विष्ट शव फेला परेको स्थानमा आउनुपर्ने, पीडित परिवारलाई शान्त्वना र अनुसन्धानमा सहयोग गर्नुपर्ने तथा तत्काल अपराधी पहिचान गरी कडा कारवाही र पीडित परिवारलाई समुचित राहतको माग गर्दै नारावाजी गरेका थिए। घटनास्थलको प्रकृति मुचुल्कासम्वन्धी प्रक्रिया समाप्तिपश्चात शवको पोष्टमोर्टम गर्न महाकाली अन्चल अस्पतालतर्फ शव लैजानेक्रममा एकत्रित भीडले सो शव नगरपालिकाको मुल प्रवेशद्वारमा राखेर टायरसमेत वालेर प्रदर्शन गरेको थियो। पीडित पक्ष, नागरिक समाज, अधिकारकर्मी,महिला अगुवाहरु,विद्यार्थीसमेतले साउन १२ र १३ गते गते हत्यारा पत्ता लगाई दोषि उपर कार्बाहीको माग गर्दै अस्पताल परिसर आसपासमा प्रदर्शन गरेकोमा सम्वद्ध पक्षवीच सहमति भई १४ गते निर्मला पन्तको शवको दाहसंस्कार गरिएको थियो।

तत्पश्चात पीडित पक्ष, नागरिक समाज, अधिकारकर्मी, महिला अगुवाहरु, विभिन्न सामाजिक सस्थामा आवद्धहरु, स्थानीय व्यापारी व्यवसायी,विद्यार्थीसमेतले साउन १५ गतेदेखि नै दोषी पहिचान गरी कारवाहीको माग गर्दै निरन्तररुपमा महेन्द्रनगर वजार र आसपासका राजमार्ग क्षेत्रमा नाराबाजीसहित प्रदर्शन, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय अगाडि धर्ना, रिले अनशन, आंखामा कपडा वाधेंर मौनजुलुश प्रदर्शन, शिक्षणसंस्था, यातायात एवं वजार वन्द, ज्ञापन पत्र दिने लगायत

विविधमाध्यमवाट शान्तिपूर्णरुपमा दवाव दिदैआएको थियो । त्यसक्रममा स्थानीय हेलेन श्रेष्ठ र मिना भण्डारीको नेतृत्वमा संघर्ष समितिहरु पनि गठन भएका थिए ।

प्रहरीले भाद्र ४ गते भिमदत्त न पा १९ का दिलिप सिंह विष्ट(४१ वर्ष) लाई निर्मला पन्त हत्या घटनाको अभियुक्त भनी सार्वजनिक गरिएपश्चात  विरोध प्रदर्शनले अर्को मोड लिएको थियो । मानसिक सन्तुलन ठिक नभएको भनीएका विष्ट दोषी हुन नसक्ने भन्दै असन्तुष्ट स्थानीय व्यापारी व्यवसायीहरु समेत स्वस्फुर्तरुपमा आन्दोलित भएका थिए । साउन ७ र ८ गते प्रदशर्नकारीहरु उत्तेजित र उग्र हुदै समूह समूहमा परिचालित भई विभिन्न सरकारी कार्यालय, सवारी साधनहरुमा ढुंगामुढा गरी तोडफोड गर्ने, आगजनीको प्रयास गर्दै जिल्ला प्रशासन कार्यालयतर्फ आन्दोलन केन्द्रित गर्न उद्यत भएका र त्यसक्रममा उक्त कार्यालयभित्र जवरजस्ती प्रवेश गरी तोडफोड गर्ने, सुरक्षाकर्मीहरुमाथि आक्रमण गर्न अग्रसर भएको थियो । त्यसक्रममा प्रदशर्नकारीहरु र सुरक्षाकर्मीवीच पटकपटक झडपसमेत भएको र उत्तेजित भीडलाई नियन्त्रण गर्ने सिलसिलामा अश्रुग्यास, हवाईफायर भएका र त्यसक्रममा १ जना प्रदर्शनकारी सन्नी खुन्ना (भिमदत्त न पा १८,१५ वर्ष)  को मुत्यु हुनाका साथै केही प्रदर्शनकारी तथा सुरक्षाकर्मीहरु घाइते भएका थिए ।

## २.२ शव वरामद भएको स्थानको विवरण

– मिति २०७५।४।१० गते दिउसोदेखि हराइरहेकी १३ वर्षिय निर्मला पन्त भोलिपल्ट(साउन ११ गते) विहान ०९.०० वजेतिर भीमदत्त नगरपालिका–१८ निम्बुखेडास्थित उखुबारी (लोकेन्द्र भट्टको) मा मृत अवस्था (अर्धनग्न र घोप्टो अवस्था) मा फेला परेको । उक्त स्थान  महेन्द्रनगर बजारदेखि भीमदत्त नगरपालिका वडा नं. १५ र १८ निम्बुखेडा,  वडा नं.२ उल्टाखाम र वडा नं. १९ बागफाँटातर्फका वासिन्दाहरुको आवतजावत गर्ने मुख्य मार्ग (रेडक्रस–बाँगफाँटा सडक खण्ड) रहेको ।  रोशनी बमको घरदेखि मृतक फेला परेको स्थानसम्मको दुरी ६०० मिटर जति रहेको तथा मृतकको साईकल लगायतका सामग्री भेटीएको स्थानदेखि  मृतकको घरसम्मको दुरी अन्दाजी १३०० मीटर रहेको ।

– उक्त सडक छेउमै खोला(नाला) र खोलाको दायाबायाँ रुखबिरुवा छन् । मृतकले प्रयोग गर्दैआएको साईकल खोलामा र निजको ३ वटा नोटकपी तथा अम्वा भने सडकदेखि तल तर

खोलाभन्दा माथि साईकल रहेको स्थानदेखि नजिकै फेला परेको । सोही स्थानदेखि ठीक पारी उत्तरतर्फ उखुवारीमा शव फेला परेको र त्यहां (उखुवारी) पानी रहेको । शवको झण्डै आधा भाग पानीमा डुवेको ।

- साईकल र नोटकपी फेला परेको स्थानदेखि डेढ सय मिटर पूर्वमा खोलामाथि काठको कच्ची पूल(चक्रदेव वडु समेतको घर जान निर्माण गरिएको) रहेको र सो काठे पुल हुदै उँखु वारीको छेउछेउ भएर शव फेला परेको स्थानमा जान सकिने अवस्था रहेको ।

- मृतकको साईकल भेटिएको स्थानबाट सिधै पानीको नाला पारी अन्दाजी ५० मीटर जतिको दुरीमा उखुवारीको विचौवीच भागमा निर्मलाको शव रहेको तर साईकल भेटिएको स्थानबाट नालामा पानी बढ्दा सहजै तरेर शव फेला परेको स्थानसम्म जान सक्ने अवस्था नरहेको ।

- मृतकको साईकल रहेको स्थानबाट अन्दाजी १५० मीटरको उत्तर पश्चिम दुरीमा पक्की सडकको किनारा दुवैतर्फ घरहरु रहेका । निर्मलाको शव फेला परेको स्थानदेखि अन्दाजी १०० मीटर दक्षिण पुर्व तथा नालामा बनाईएको काठे पुलदेखि अन्दाजी २५ मीटर उत्तरको खेतवारीको वीचमा दुई वटा घरहरु रहेका र अन्य सवै खेतवारी रहेको ।

- वारदात घटना पश्चात मिति २०७५।०४।११ गते शव फेला परेको स्थान रहेको उखुवारीमा घुँडासम्म पुग्ने पानी रहेको स्थानीयबासी, प्रत्यक्षदर्शीहरुको भनाई तथा फोटोहरुबाट समेत देखिएको ।

- मृतक निर्मला साथी रोशनी बमको घरबाट अन्दाजी १४:२५ बजेको समयमा घर जान भनी गएको भन्ने खुल्दा निजको साथी रोशनी भन्ने आँचल बमको घरदेखि मृतकको साईकल फेला परेको स्थानसम्मको दुरी अन्दाजी ६०० मीटर रहेको देखिएकोले मृतकले साईकलमा जाँदा सो स्थानमा पुग्न वढिमा ३/४ मिनेटजति लाग्ने अवस्था रहेको ।

- मृतक निर्मला हराएको मिति २०७५।०४।१० गतेको दिउँसो पानी पर्ने र रोकिने गरेकोमा मृतक निर्मला साथी रोशनीको घरबाट निक्लेको ४/५ मिनेटमा ठुलो बर्षात भएको भन्ने विभिन्न व्यक्ति तथा प्रहरी कर्मचारीहरुको भनाई ।

– शव फेला परेको सथानमा दुईवटा उखुको बोट हल्का वांगो र एउटा बोट तत्काल भाँचिएको अवस्थामा रहे वाहेक अन्य उखुका बोट तथा पात भाँचिएको वा मडारिएको सम्म नदेखिएको।

**२.३ निर्मला पन्तको शवको अवस्थाको विवरण:**

– मृतकको शव उखुवारीको वीच भागमा उत्तर पश्चिम टाउको दक्षिण खुट्टा भई घोप्टो अवस्थामा रहेको भन्ने प्रत्यक्षदर्शी तथा तत्कालिन अवस्थामा खिचिएका तस्वीर र भिडियोबाट देखिएको।

– निर्मलाको शवको आधा शरिरसम्मको भाग पानीमा रहेको र बाँया खुट्टा आधा खुम्च्याएको अवस्थामा रही नलीखुट्टादेखि आधा तिघ्रासम्मको भाग पानीमा डुवेको र दायाँ खुट्टाको गोलीगाँठादेखि तिघ्रासम्मको भाग समेत पानीमा डुवेको, मुखको भाग सिधा जमिनतर्फ फर्कि मुखको भागजति पानीमा डुवेको दायाँहातको नाडीदेखि पाखुरासम्मको भागसमेत पानीमा डुवेको अवस्थामा रहेको भन्ने प्रत्यक्षदर्शी तथा तत्कालिन अवस्थामा खिचिएका तस्वीर र भिडियोबाट देखिएको।

– मृतकको योनीको भाग पुरै पानीमा रहेको र निर्मलाको शव पल्टाई हेर्दा योनीको भागबाट पानी संगै रगत बग्दै गरेको, योनीको भित्रीभागमा जमेका रगत जस्तो देखिने वस्तुहरु देखिएका भन्ने शवजाँच प्रकृति मुचुल्का तथा प्रत्यक्षदर्शी तथा तत्कालिन अवस्थामा खिचिएका तस्वीर र भिडियोबाट देखिएको।

**२.४ पोष्टमोर्टम प्रतिवेदन**

(क) निर्मला पन्तः

मिति २०७५/४/ ११ गते महाकाली अन्चल अस्पतालका डा.हरीकुमार श्रेष्ठ सहित ३ जनाको टोलीले शव पोष्टमार्टम गरेको। उक्त पोष्टमोर्टमको प्राप्त रिपोर्टमा निर्मला पन्तको मृत्युको कारण (Cause of Death) मा " Throttling Leading to Asphyxia" उल्लेख रहेको छ। साथै घाँटिथिची हत्या गरेको र घाँटिको Verticle midline fracture of Thyroid cartilege (घाँटीको अगाडीपटीको किलकिले हड्डी भाँचिएको, मृतक निर्मलाको यौनाङ्गको हाईमेन Fresh

Tear भएको र त्यसको अवस्था at 2 O, clock र 7, o Clock 1-1 cm उल्लेख गरिएको छ। मृतकको यौनाङ्गको स्वाब लिदा यौनाङ्गमा विर्य नदेखिएको तर कन्फर्म गर्नको लागि सो स्वाबको नमुना केन्द्रीय विधिविज्ञान प्रयोगशालामा पठाउनुपर्ने भन्ने उल्लेख गरेको । उक्त रिपोर्ट अनुसुची मा संलग्न गरिएको छ।

(ख) सन्नी खुनाः

भाद्र ८ गते अन्दाजी १६.३० वजेतिर जिल्ला ट्राफिक कार्यालय अगाडि भएको प्रदर्शनका क्रममा सुरक्षा कारवाही हुंदा भिमदत्त न पा वडा नं १८ भगतपुर वस्ने वीरु खुनाका छोरा वर्ष १५ का सन्नी खुनाको मृत्यु भएको। निज खुनाको शव महाकाली अन्चल अस्पतालमा पोष्टमोर्टम गरिएको र पोष्टमोर्टम रिपोर्टमा मृत्युको कारण(Cause of Death) मा " Due to rupture of the intra cardiac blood vessels of heart and rupture of intrapulmonary vessels of long hemorrhage and shock as a result of firing injury" उल्लेख रहेको छ। उक्त रिपोर्ट अनुसुची मा संलग्न गरिएको छ।

## २.५ वुझिएको पीडित पक्ष तथा स्थानीय व्यक्तिहरुको संक्षिप्त भनाई

**यज्ञराज पन्त**( निर्मलाका वावु)– छोरी हराउदाका दिन हामी भारतमा थियौ खवर भए पछि १२ गते फर्केका हौ। मलाई जिल्ला प्रहरी कार्यालयमा वोलाएर एक जना मान्छे पक्राउ परेका छन् उनले लगाएका कपडाका टुक्रा र कन्डमको खोल पनि वरामद भएको छ त्यो मान्छेको वारेमा किटानी जाहेरी दिन पटपटक दवाव दिइयो तर मैले त्यो व्यक्ति (दिलिपसिह विष्ट) ले यो घटना गराएको भन्ने हामीलाई विश्वास छैन भन्दै जाहेरी दिइन। उनीहरु(प्रहरी) ले वावुले छोरीलाई वलात्कार गरी मारेको घटना पनि छन भन्दै घुमाउरो किसिमले धम्की पनि दिए। शव उठाउन पनि मलाई धैरै दवाव दिइयो, भागी भागी हिडेको हुं।

**दुर्गादेवी पन्त**( निर्मलाका आमा): साथीको घरमा गएकी छोरी अवेरसम्म नफर्केपछि म अन्दाजी वेलुकी ६ वजेतिर रोशनी वमको घरमा गएर सोधपुछ गरेको हुं। दिउसो २ वजेतिर नै अम्वासमेत लिएर फर्केको जानकारी दिइन त्यसपछि म फर्के। फेरी सांझ ७ वजेतिर छिमेकी लक्ष्मण भट्टको साथमा रोशनीको घरमा

पुगेर वाहिर सडकवाट नै उनीहरुलाई वोलाएको हुं। मेरी छोरी तिमीहरु कै घरवाट हराएको छ केही भएमा तिमीहरु नै जिम्मेवार हुनेछौ भन्ने कुराहरु गर्दा रोशनीकी दिदी ववित वमले घरको वरण्डावाट “तिम्री छोरी कहां गई हामीलाई के थाहा ? पोइला पो गइन कि, हामी कसरी जिम्मेवार हुन्छौ “ भन्ने कुराहरु गरेकी हुन्। त्यसपछि हामी अन्दाजी राती ९ वजे अस्थायी प्रहरी पोष्ट सालघारीमा पुगेर खवर गर्यौ, भोलि खोजौला भन्ने जवाफ दिए। वडा प्रहरी कार्यालमा पनि फोन गरेर खोजतशवको लागि आग्रह गर्यौ तर कहीवाट पनि खासै सुनुवाई भएन।

**रविन्द्र तिवारी (वडा सदस्य, भिमदत्त न पा)** : नावालिका हराएकै दिनको राती अवेरसम्म खोजतशवका लागि हामीले प्रहरीलाई धेरै पटक हारगुहार गर्यौ तर सुनुवाई भएन । मोवाइल नं ९८४८१४०२५५ वाट कहां कहां फोन गरियो चेक गर्दा हुन्छ।

**साधुराम चौधरी** (निर्मला पन्तको साइकल खोलावाट निकाल्ने व्यक्ति, प्र.नि जगदिश भट्टको भतिजा लोकेन्द्र भट्टको घरमा बस्ने गोपाल): म साउन ११ गते विहान अन्दाजी १० वजेतिर सौच गरेर फर्कदा खोला किनारामा साइकल देखें। उक्त साइकल मैले निकालेर सडकमा राखेको हुं। मैले देख्दा साइकलको ह्ल्याण्डिल तल र चक्का माथि परेको अवस्थामा थियो। (निज साधुराम चौधरीले साईकल भेटेको विषयमा बारम्बार कुरा बदल्दै कहिले साईकलको सिट माथितिर फर्केको भन्ने कहिले तल फर्केको थियो भन्दै निजले बस्ने घरतिर साइकल नलगि विपरित दिशातर्फ साईकल लगि राखेको भन्ने भनाई समेत शंकास्पद देखिएको छ।)

**धना र जमुना भण्डारी** (शुरुमा साईकल देख्ने महिला): हामी २ वहिनी वाख्राका लागि स्याउला काट्न गएका थियौ। साथमा यो फुच्चे पनि थियो(सानो छोरालाई देखाउदै)। यसले खोलामा साईकल देखेछ र हामीलाई " ममी साईकल साईकल” भने तर हामीले खासै वास्ता गरेनौ। पछि हेर्दा (धना भण्डारी) साईकल देखियो तर धेरै भाग डुवेको अवस्थामा थियो। तर कापी तथा अम्वा भने देखिएन। पानी परेकोले खोला तर्न सकिने अवस्थामा थिएन।

**मोती वहादुर नेपाल** (नेपाली सेनाका भूपू, स्थानीय ) : मिति २०७५।४।११ गते विहान मृतकको आमा लगायत अन्य ब्यक्तिहरुसंगै भएको वेला मैले रोशनी भन्ने आँचल बमको घरमा गई रोशनीलाई "नानी एकपटक तल आउन, तिम्रो साथी हराउदा तिमीलाई माया लागेन ?" भनी सोधपुछ गर्दा निजको दिदी

बबिता भन्ने अनिता बमले " तँ को होस हामीलाई सोधपुछ गर्ने ? भनी झपारेकोमा मैले यहाँ तल आईज चुल्ठो समातेर घुमाएपछि थाहा पाउछेस भनेको हुँ।

**दिलिप सिह विष्ट** (अभियुक्तरुपमा हिरासतमा लिइएको व्यक्ति, हाल हिरासत मुक्त) : म केही अघिमात्र जेलवाट छुटेको हुं दैनिक रुपमा जेलमा जाने गर्छु, वसपार्कतिर काम गर्छु थोरै पैसा कमाउछु खान्छु कहिलेकाही साथी भाइसंग १० /२० रुपैया माग्ने गर्छु । वाटोमा हिड्दै गर्दा मान्छेको भिड देखे के भएछ भनेर सोधपुछ गर्दा पन्तको छोरीको हत्या भएको हो रे भन्नेसम्म सुनेको हुं । म आफ्नै वाटो लागे, मलाई पक्राउ गरी हिरासतमा राखेर पानीपट्टि लगाएर चरम यातना दिए र यो घटना मैले नै गराएको हो भन्न वाध्य पारियो । यो घटनामा मेरो कुनै संलग्नता छैन, म निर्दोष छु ।

**दिलिप सिह विष्टकी भतिजी वुहारी**: म विवाह गरेर यो झुपडी (घर)मा आएको पनि थुप्रै वर्ष भयो । कहिलेकाही एक्लै वस्छु तर आजसम्म उहां (**दिलिप सिह विष्ट)**वाट म प्रति कुनै नराम्रो व्यवहार भएन । हामीले कुनै पनि वस्तु दिदा कहिल्यै पनि हातमा थाप्नु भएन, अन्यत्रै राखि दिनु पर्दथ्यो । उहां दिउसोतिर निस्कने र सांझ ७ ८ वजे फर्कनुहुन्थ्यो । उहांले गांजा भाङ खानुहुन्छ । यो घटना उहांले गराएको हुनै सक्दैन । फसाउन खोजिएको हो ।

**टेकराज जोशी** (नाइके, कन्चनपुर कारागार): दिलिपसिंह विष्ट साढे ९ वर्षसम्म यही जेलमा संगै वसेका हौं । उनलाई हामीसंग चिन्दछौ, आनीवानी राम्रै थाहा छ । यो निर्मला पन्तको हत्यामा उनको संलग्नता हुनै सक्दैन । उनले यो कार्य गरे भन्नेमा हामीलाई २०० प्रतिशत विश्वास छैन । गंभीर षडयन्त्र भएको छ ।

**रुपा कार्की**(क्वीन व्युटी पार्लर संचालक) : निर्मला पन्त हराएको भन्ने चर्चामा आएपछि साउन ११ गते मेरो श्रीमान पनि त्यतै जानु भएको थियो । मलाई पसलमा आउन ढिला भएकोले श्रीमानलाई फोन गरे उहांले साइकल भेटिएको कुरा गर्नु भयो । मैले साइकल भेटिएको कुरा गरे, त्यसपछि मेरो नजिकै रहेकी अनिता वमले "**लौ दिज्यु साइकल भेटिएछ, अव त्यतैतिर शव पनि भेटिएला**" भन्ने कुरा गरेकी हुन् । उनले यो कुरा किन भनीन त्यो चाहि म भन्न सक्दिन तर भनेकै हुन् ।

**चक्र वडु**(हिरासतवाट छुटेका, हाल सार्वजनिक मुद्दा) : यो केसमा मेरो संलग्नता हुनसक्ने देखेर प्रहरीले हिरासतमा लिएको हो । मेरो मोवाइलमा रहेका फोटोहरु हेरियो । सोधपुछ गरे । त्यसक्रममा मलाई रातीको समयमा अत्यधिक शारिरीक यातना दिए, डर त्रास देखाइयो । अभियोग स्वीकार्नु ५० प्रतिशत सजायं

कम गराइ दिन्छौ भन्ने प्रलोभन पनि देखाएका हुन्। म भारतमा काम गर्न गएको मान्छे हुं। यस घटनामा म निर्दोष छु, म माथि प्रहरी ज्यादती भयो।

**दिपेन्द्र मडै** (दिलिप सिंह विष्टका छिमेकी) : प्रहरीले २६ दिन पछि दिलिप विष्टको कपडाको टुक्रा र कण्डमको खोल फेला परेको भनीएको छ । त्यो संभव छैन, घरैवाट कपडा च्यातेर लगेका छन् । यससम्वन्धमा मेरा मामा नाता पर्नेले पनि प्रहरीले कपडाको टुक्रा च्यातेर लगेको देखेका हुन।

**किरणराज विष्ट** (प्रहरी उपरीक्षक दिल्लीराज विष्टका छोरा) : मेरो नाम किरण राज बिष्ट, पहाड घर दार्चुला हाल भिमदत्त न.पा. १८ गोबरिया बस्दछु । पेशा फोटोग्राफर हो । मोबाइल नं. ९८४८७४२८७५,९८१२७७६४२६, ९८६५९०३८६८ हो । मैले १२ कक्ष सम्म पढेको छु । २०७५।४।१० गते म आफ्नै घरमा थिए। मेरो फेसबुक आई.डी. kiranbista , wisekiran , kiranbista01instagram हो। मेरो नागरिकतानुसार जन्ममिति २०५६ बैशाख १० गते हो। म बायाँ हातले लेख्ने गर्छु। २०७५।४।१० गते अन्दाजी २ बजेपछि होटेल ओपेराको फेमेली रेष्टुरेन्टमा ऐश्वर्या विष्ट, साथी शिशिर र उनीहरुसंग आएका तर मैले नचिनेका तीनजना केटीहरु पनि थिए। म २०७५ श्रावण २६ वुद्ध एयरलान्सको फ्लाइटवाट काठमाडौं गएको हुँ। म निर्मला पन्तलाई चिन्दिन। मिति २०७५।४।१० गते साँझ साथी साजन बुढा ऐर र म मेरो घरमा बसेका थियौ। म मिति २०७५।४।११ गते दोधरा चाँदनी जोडने् झोलुङ्गे पुलमा गएको र अन्दाजी ४ बजेतिर घर फर्केको थिए। २०७५।४।१२ गते म कहाँ गए भन्ने थाहा छैन। मैले नासा इन्टरनेसनल कलेज तिनकुनेमा कक्षा ११ र १२ पढेको हुँ। आयुष विष्ट(नगर प्रमुख सुरेन्द्र विष्टका भतिजा, वर्ष २१), रोशनी वम र वविता वमलाई म चिन्दिन।

**आयुष विष्ट**(नगर प्रमुख सुरेन्द्र विष्टका भतिजा, वर्ष २१) : मेरो मोबाइल नं. ९८०६४६८१०१ र ९८४००७०६८४ हो। मेरो बाबुको नाम भुपेन्द्र बिष्ट हो र घर भिमदत्त .न.पा ४। मिति २०७५।४।१० गते म आफनै घरमा थिए तर कति बजेसम्म घरमा थिएँ भन्न सक्दिन। तर साउन ९,१० गतेतिर म साथीहरुसंग एयरपोर्टतिर फुटवल खेल्न गएको थिएं ।। म ब्रिक्सटन कलेज महेन्द्रनगरमा बि.बि.ए लास्ट सेमेस्टरमा अध्ययन गर्दछु । नियमित कलेज जाने गरेको छैन। म रोशनी वम र वविता वम तथा किरण राज बिष्टलाई चिन्दिन। मैले निर्मला हत्या बारे २०७५।०४।११ गते बेलुकी ५/६ बजे तिर मुन साइन क्याफे महेन्द्रनगरमा साथी निरज नेगीबाट थाहा पाएको हुँ। म कहिलेकाही अल्कोहल ड्रिङ्क गर्छु।

**ववित भन्ने अनिता वम**(वर्ष २१/२३) : साउन १० गते सांझ म ट्यूशन पढेर घर फर्केको थिए । ७ वजेतिर निर्मलाकी आमा आएर वाहिर गेटवाट चिच्याउदै गाली गर्न थाल्नु भयो । निर्मलालाई केही भए तिमीहरु जिम्मेवार हुन पर्दछ भने पछि मैले "तिम्री छोरी कहां गई हामीलाई के थाहा ? पोइला पो गइन कि, हामी कसरी जिम्मेवार हुन्छौ " भनेकी हुं । यी कुराहरु मैले आवेशमा आएर भनेकी हुं । एस.पी. (दिलिपराज विष्ट) लाई म चिन्दिन, यही आएर देखेको हुं, उहांको घर पनि दार्चुला नै रहेछ । यो घटनामा मेरो कुनै दोष छैन ।

**रोशनी भन्ने आचल वम** (मृतककी साथी, वर्ष १४) : साउन ९ गते म निर्मलाको घरमा गएर चटपटे खाएं । निर्मलासंग१० गते मेरो घरमा संगै वसेर होमवर्क गर्ने सल्लाह भयो । ११ गते अन्दाजी ११.०० वजेतिर निर्मला साइकल चढेर हाम्रो घरमा आइन । संगै वसेर केहीवेर होमवर्क गर्यौ, उनीले केहीवेर टि भी पनि हेरिन् । अन्दाजी २ वजेतिर केही अम्वा लिएर फर्किन । अघिल्लो दिन खाएको चटपटेको दिनुपर्ने रु.२० पनि दिएर पठाएको हुं, यस्तै ५ वजेतिर निर्मलाकी आमा आएर सोध्नु भयो मैले उनी अघि नै घर फर्केको कुरा वताए पछि उहां फर्कनुभएको हो, फेरी ७ वजेतिर पनि आएर वाहिरवाटै गाली गरेर फर्कनुभएको हो ।

**दिपेन्द्रवहादुर वम**(शिक्षक) **र इन्द्रादेवी वम** (वडा सचिव) ववित र आचल वमकी वावु आमा: हाम्रो मोबाइल नं. ९८६८७३५२३५ र ९७४९५२०११२ हो । यो घटना हुदा हामी दुवै जना दार्चुलामा थियौ । छोरीले फोन गरेर निर्मलाकी आमाले यसो भनीन भन्ने कुरा गरेकी थिइन । घटनावारे थाहा भए पछि हामी आएका हौ । हाम्री छोरीहरु दोषी छन् भने कारवाही हुनु पर्छ । छिमेकीले पनि वोली दिनु पर्यो । हामी यहां वस्नै नसक्ने भएका छौ, वेइज्जति भएको छ, । घर तोडफोड भएको छ । मेरो अम्बाको रुख मैले लगाएको हो । अम्वाको रुखमा आसपासका केटाहरु चढेर खाने होहल्ला गर्ने, छोरीहरुले खासै अम्वा नरुचाउने भएकाले पनि मैले नै साउन १७ गते काटेको हुं ।

**विद्या पन्त (**अनिता बमको साथी, ओम प्रकाश पन्तको छोरी एवं आकाश जोशीको श्रीमती, भीमदत्त नपा, उल्टाखाम वस्ने**):** मलाई मिति २०७५।४।१० गते निज अनिता बम ट्यूसन पढ्न आएको एकिन छैन । सो विषयमा प्रहरीले मेरो कापी माग गरी फोटोकपी समेत गरेर लगेका छन् । तर सोही विषयमा निज अनिता बमलाई सोधनी गर्दा उक्त दिन ट्यूसन पढ्दा म विद्या पन्तसंगै बसेको थिएं भन्ने जवाफ दिएका । (०९१५२६९३४ बाट निज **विद्या पन्त**को मोबाइल नं. ९८०९४३५५५३ मा फोन गरेर सोधिएको)

**बाबुराम रावत** (अनिता बम ट्यूसन पढ्ने Mirai Education VIsa Center का संचालक ) : मिति २०७५।४।१० गतेका दिन अनिता बम ट्यूशन पढ्न आए नआएको एकिन भएन। सो सम्बन्धमा अनिता बम र अनिता बमको बुवा स्वयंम आएर मिति २०७५।४।१० गतेका दिन ट्यूशन पढ्न आएको भनी दिनु पर्‍यो भनेका थिए तर उनी आए नआएको भन्न नसकिने भनी सम्पूर्ण विधार्थी तथा मैले जवाफ दिएक हौ।

**२०७५।५।०९ गते प्रमुख जिल्ला अधिकारीको आह्वान तथा उच्चस्तरीय छानविन समितिको पदाधिकारीहरुसमेत सहभागी भएको** सर्वदलीय/सर्वपक्षीय **वैठकमा सहभागीहरुको प्रतिनीधिमुलक भनाईः**

- एस.पी. दिल्लीराज विष्टले घटनाको अनुसन्धानमा कुनै चासो नगरेको, अनुसन्धामा प्रभाव पारेको,लासको होली खेलेको,
- रोशनी बम र अनिता बमलाई सम्मानपुर्वक राखी केरकार नगरेको तर अन्य निर्दोश व्यक्तिहरुलाई ल्याएर अपराध स्वीकार गर्न दबाव दिएको, सार्वजनिक बैठकमा अनिता र रोशनी बमको घरमा विगत दुई महिनादेखि कोही पनि नगएको भनी दाबी गरेको र निजहरु निर्दोष भएको भनी ठोकुवा गरेका,निजहरुको बयान नलिएको, किटानी जाहेरी नआएकोले निजहरुलाई पक्राउ नगरेको दाबी गरेको,
- मृतकका बाबुलाई किटानी जाहेरी दिनुहोस भनी दबाव दिएको, , नागरिक समाज माथि बल प्रयोग गरेको, मानवीय संवेदनशिलता नदेखाएको,
- झुट्टा अभियुक्त देखाएर गृहमन्त्री तथा सरकारलाई ढाँटेको, भेटिएको भनीएको निर्मलाका किताब भिजेको नदेखिएको, रोशनी बमको घरको अम्बाको रुख घटना पश्चात काटिएको, घटना घटेको दिन रात पानी परेको, आन्दोलनमा लाईभ गोली प्रयोग गरिएको, पानी फोहोरा, रबरका गोली प्रयोग नगरी मानवअधिकारको न्युनतम उपायहरु अवलम्बन नगरेको,
- मिति २०७५।४।१० गते राती १२ वजे अस्थायी प्रहरीपोष्ट सालघारीमा खवर गरेपश्चात केही प्रहरी अनिता बमको घरमा जान तयार भएकोमा जिल्ला प्रहरी कार्यालयमा खवर गरे पश्चात

केटीहरु मात्र वसेको घरमा हामी जान नसक्ने भनी प्र.ना.नि रामसिंह धामीले जवाफ दिएको भन्ने जस्ता विविध धारणाहरु भनाई राखेका थिए आदि। ।

## २.६ घटनाको अनुसन्धानमा संलग्न तथा अन्य सम्वन्धित प्रहरी कर्मचारीहरुको संक्षिप्त भनाई

**प्रहरी उपरिक्षक दिल्लीराज विष्टः** मेरो मोवाईल नं ९८५८७९०२७० हो । बम दिदीवहिनीलाई प्रारम्भिक सोधपुछ गर्दा कुनै प्रमाण नभएकाले हाजिरी जमानीमा छाडिएको हो । मैले जानकारी पाएअनुसार नरेश बम वाहेक अन्य कुनै केटा पनि बम दिदीवहिनीको घरमा गएका छैनन्। अनुसन्धानको टोलीमा प्र.ना.उ ज्ञान वहादुर सेटी, प्रनि जगदिश भट्ट र अनुसन्धान अधिकृतको रुपमा एकिन्द्रवहादुर खड्काको टोली शव भेटिएको स्थानमा गएको थियो। आन्दोलन र भिडको कारण मिति २०७५।४।१४ गतेसम्म शव भेटिएको स्थानमा नगएको हुं । डिकरदेव पन्त ईन्टेलिजेन्सको कार्यमा दक्ष भएकाले अनुसन्धान टोलीमा खटाएइको हो। मैले मिति २०७५।५।७ गते गोली चलाउन आदेश दिएको होइन। ८ गते म स.प्र गण मु का धनगढीमा कार्यरत थिए।

**प्रहरी नायव उपरिक्षक ज्ञानवहादुर सेटीः** मेरो सम्पर्क नं ९८५१२८१४७७ हो। बम दिदीवहिनीलाई तत्काल हिरासतमा लिई अनुसन्धान गर्न प्रमाण नभेटिएको। मृतकको गुप्ताङ्ग छोप्नलाई महिला प्रहरीले मृतकको शरिरको कपडा पानीमा चोपलेर छोपेको हो। अन्य प्रहरी अधिकृतलाई मुचुल्का बनाउन लगाई म अम्वा र कापी भएको स्थानमा आएको हो। अन्य प्रमाण लाग्ने बस्तुहरु थिएनन्। मेरो मुटुको अपरेशन गरेको कारण दवाई खाइ रहेको कारणले रगत बग्न सक्ने देखि सवुद संकलन गर्ने प्रमुख काम भईसकेकाले सो स्थान छाडी आएको हुं । गड्डा चौकी कञ्चनपुरमा कार्यरत प्र.ना.नि. डिकरदेव पन्त सिभिल पोशाकमा आएका थिए। निज मार्फत अपरिचित मानिसको मोटरसाईकलमा फर्कि गएको हुं। म भिड नियन्त्रण कार्यमा खटिएको थिएन।

**प्रहरी निरिक्षक एकिन्द्र वहादुर खडकाः** मेरो मोवाइल नं ९८५८४९०१७१ हो। मिति २०७५।४।११ गते ०९.३० वजेको समयमा खवर हुदा प्रहरी नायव उपरिक्षक ज्ञान वहादुर सेटीसहितको टोली शव रहेको स्थानमा गएका हौ। शवको पोष्टमोर्टम गरेपश्चात बम दिदिवहिनीलाई सोधपुछ तथा अनुसन्धान गर्न २४ घण्टा नियन्त्रणमा लिई प्रमाण केहि नदेखिएकाले छाडिएको हो। शवमा हिलो र घाँस भएकाले मृतकको कपडा पानीमा चोपलेर मृतकको गुप्ताङ्ग छोपेको हो। म मुद्धा फाँटमा काम गर्ने भएकाले भाद्र ७ र ८ गते फिल्डमा खटिएको थिएन।

**प्रहरी निरीक्षक जगदिश भट्ट** (वडा प्रहरी कार्यालयका इन्चार्ज): मिति २०७५।४।१० गते राती २०:०० बजेतिर निर्मला हराएको खबर पाएँ। २०७५।०४।११ गते अस्थाई प्रहरी पोष्ट(सालघारी)बाट निर्मलाको लाश फेला परेको थाहा पाएपछि म घटनास्थलमा अन्दाजी ०८:२५ मा पुगे। साईकल उत्तर पश्चिम तिर फर्केको थियो। साईकलको ह्याण्डलमा चप्पल पनि थियो। अम्बाको पोलिथिन र कापी राम्रोसंग हेरिएन। मेरो घर भिमदत्त नगरपालिका वार्ड नं १८ हो। लोकेन्द्र भट्ट र मेरो घर संगसगै छ। नालाबाट साईकल झिकी बाटोमा राख्ने माइलो भन्ने गोपाल चौधरी भतिजा लोकेन्द्र भट्टको घरमा बस्दछ।

**प्र.ना.नि. राम सिंह धामी**(सालघारी प्रहरी चौकीका इन्चार्ज): म घटना हुँदाको बखत अस्थाई प्रहरी पोष्ट सालघारीमा कार्यरत थिएं। २०७५।०४।१० राती १२:३० बजेतिर निर्मलाको आमा स्वयं आफै आएर घटनावारे जानकारी गराएको रातीमा केटी मान्छेमात्र बसेको ठाउँमा जान नसकिने, भोलि बिहान जाउँला भनी पठाएको हुं। विहान ०४:३० बजेतिर अनिता बमको घरमा गएका हौ। निर्मलाको लाश २०७५।०४।११ गते विहान ९ बजे तिर भेटिएको हो। अम्बा रहेको पोलिथिन झोला च्यातिएको थिएन। कापी मिलाएर राखिएको थियो। कापी हल्का भिजे जस्तो देखिन्थ्यो ,बाटो मुन्तीर कापी र अम्वा भेटिएका थियो। २०७५।०४।१० गते राती वर्षा भएको थियो।

**प्र.ना.नि. डिकर देव पन्त** (ईलाका प्रहरी कार्यालय गड्डा चौकीका इन्चार्ज): म घटना हुँदाको समयमा ईलाका प्रहरी कार्यालय गड्डा चौकी( कञ्चनपुर) मा कार्यरत थिए। निर्मलाको आमा दुर्गा पन्त र जिल्ला शिक्षा कार्यालयमा कार्यरत लेखाअधिकृत मेरो अंकलसंग नाम मिलेकाले उनकै छोरी घटनामा परेकी हुन की भनी म निर्मला पन्तको शव फेला परेको स्थानमा गएको हुँ। मेरो अंकलको मोबाइल नं. ९७४९५०३४१७ हो। एस.पी. साहेबको आग्रहमा निर्मला पन्तको घटनाको अनुसन्धान गर्न खटिएको सि.आई.बी. टोलीसँग अनुसन्धान अवधीभर खटिएको थिएं।

**प्र.ना.नि. हरसिंह धामी** (SOCO Officer): म जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा २०७४ माघदेखि मुद्दा फाँटमा कार्यरत छु। मेरो मोबाइल नं. ९८५१०४२२१४ हो। मिति २०७४।४।११ गते १०.१० वजेको समयमा प्र.ना.नि. बासुदेव अवस्थीले शव भेटिएको खबर गरेको हो। म लगभग १०:२५ तिर घटनास्थलमा पुगेको हो, अनुसन्धान टिममा प्र.ना.उ. ज्ञान वहादुर सेटी, प्र.नि. एकिन्द्रबहादुर खड्का, प्र.स.नि वासुदेव अवस्थी, प्र.ह.हरक महरा, प्र.ज. रमेश चन्द, प्र.ज. चाँदनी सावद, प्र.ज. प्रकाश मल्ल जिल्ला प्रहरी कार्यालयबाट गएका थियौ। साइकल पूर्वउत्तरतर्फ राखिएको देखेका हौ। कापी भिजेको

थिएन । तिनवटै कापी एउटै ठाउँमा थियो । प्लाष्टिक च्यातिएको थिएन । अम्बा हरियो थियो । फोटो खिच्दै काठे पुलबाट पारी पुगें । म पुग्नुपूर्व वडा प्रहरी कार्यालयका प्रहरी निरिक्षक जगदिश भट्ट निर्मलाको शव भएको उखुवारीमा पुगेका थिए, ताजा भाँचिएका दुई उखुका बारेमा सोध्दा उपस्थित व्यक्तिले भर्खरै भाँचेको हुनुपर्छ भन्ने सुनेको हो । मिति २०७५।४।१० गते दिउँसो र राती पानी परेको थियो । मृतकको सुरुवाल र पेन्टी पानीमा चोपलेको मैले देखिन, मृतकको हाततिर केही खतचिन्ह छ कि भनेर हेरेको थिएं। केही समयपश्चात म सर्च गर्न गए, मलाई मृतकको कपडाबारे जानकारी भएन । मृतकको शव  दाजु नाता पर्ने लक्ष्मी पन्तले बुझेका हुन् ।

**प्र.स.नि. केशवदत्त भट्ट**  (साउन १० गते वेलुका कन्ट्रोलरुपमा ड्युटीमा रहेका): मेरो मोबाइल नं. ९८४८७५६४०२ हो । सरस्वती मा.वि.मा कक्षा ९ मा अध्ययनरत भिमदत्त न.पा. २ बस्ने बर्ष १३ कि निर्मला पन्त दिउँसो ११:०० बजेतिर साथीको घर हिडेको, अहिलेसम्म घर नफर्केको भन्ने सन्दर्भमा मिति २०७५।०४।१० राती १२:३५ वजे अस्थायी प्रहरी विट सालघारीबाट १०० मा कल आएको हो । भोलीपल्ट विहान ०५:४५ तिर एस.पी ,डि.एस.पी. तथा प्र.नि. प्रकाश सिंह भण्डारीको मोबाइल नं. मा जाहेरी गरेको हुँ । २०७५।४।११ गते ०९:३५ बजे सालघारी अस्थायी प्रहरी पोष्टका प्रहरीले मृतकको शव भेटियो भन्ने जानकारी गराएको थिए । १० गते राति भारी वर्षा भएको थियो ।

**प्र.ज अजित कुमार कुँवरः** सरस्वती मा.वि.मा कक्षा ९ मा अध्ययनरत भिमदत्त न.पा. २ बस्ने बर्ष १३ कि निर्मला पन्त दिउँसो ११:०० बजेतिर साथीको घर हिडेको, अहिलेसम्म घर नफर्केको भन्ने सन्दर्भमा मिति २०७५।०४।१० राती १२:३५ वजे अस्थायी प्रहरी विट सालघारीबाट १०० मा कल आएको हो ।

**प्र.ह. विशनसिंह धामी**(प्र.उ. दिल्लीराज विष्टका अंग रक्षक) : म एस. पी. साहवको घरभित्र कहिल्यै पनि गईन । गाडीवाट घर पुर्याएर वाहिरवाटै नै फर्कन्थे । वोलाउनु भए पछि ड्राईभर र म फेरी गाडी लिएर उहांको घरमा गई अफिसमा लिएर आउथ्यौ । उहांको चाडै नै आवेसमा आउने र झर्कने स्वभाव थियो ।

यो घटना पछि अलि तनावमा हुनुहुन्थ्यो । घटना भएको ७/८ दिन पछि एकपटक घटनास्थल जानु भएको हो । उहांको १ छोरा रहेका र यो घटना हुदां उनी यतै थिए ।

**प्रहरी हवल्दार दिपक विष्ट:** मेरो मोबाइल नं. ९८४४८२६७१६ हो । मिति २०७५।४।१० गते  किरण राज बिष्टको वर्थडे पार्टीमा म होटल ओपेरा गएको थिइन । मेरो मोबाइलबाट किरणराज बिष्टको मोबाइल

नं. ९८४८७४२८७५ र एस.पी साहेबको ९७४९५०२९४५ मा कहिले काही कुरा हुन्थ्यो । प्र.ना.नि. डिकर देव पन्त ईलाका प्रहरी कार्यालय गड्डाचौकीमा कार्यरत भएको भएपनि निर्मला पन्तको घटना पश्चात काठमाडौंबाट आएको सि.आई.बी. टोली संग अनुसन्धानमा संलग्न हुनु हुन्थ्यो ।

**प्र.ह. कृष्णसिंह विष्ट**(प्र.उ. दिल्लीराज विष्टका गाडी चालक) :उहाँ प्रायः अफिसमा नै वस्नु हुन्थ्यो । सेतीका एस. एस.पी. आउनु हुदां १ पटक घटनास्थलमा जानु भएको हो । उहाँ यदाकदा एक्लै पनि हिड्नुहुन्थ्यो ।

**प्र.ज.चाँदनी साउँद**(अनुसन्धान टोलीमा खटिएका): म जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा २०७३ सालदेखि मुद्दा फाँटमा कार्यरत छु । मेरो मोबाइल नं. ९८६५६९६४६५ हो । निर्मला पन्तको घटना स्थलप्रकृति मुचुल्का तथा लाशजाँच प्रकृति मुचुल्का बनाउन मृतकको शब भएको स्थानमा गएको हुं । मृतकको जीउमा भएको एउटा खुट्टामा अड्किएको पेन्टी र रातो रंगको सुरुवाल मैले झिकी फोहोर देखेर एक पटक पानीमा चोपेलेर मृतकको तल्लो भाग(गुप्ताङ्ग) छोपेको हुँ । मृतकको जिउमा लगाएको रातो रंगको पेन्टी, टीसर्ट तथा सुरुवाल लाश संगै थियो । उक्त कपडा जिल्ला प्रहरी कार्यालयमा ल्याइएको छैन । हामीसंग उक्त निर्मलाको जिउमा लगाएको कपडा अहिले पनि छैन । मिति २०७५ साउन १० गते राती वर्षा भएको थियो । मृतकको सुरुवालमा खल्ती थिएन । मलाई मृतकको सुरुवाल पानीमा चोपल्न र मृतकको तिघ्रामा पानी फाल्न कसैले भनेको होइन ।

## २.७ **विरोध प्रदर्शन,सुरक्षा कारवाही र क्षति** ( भाद्र ७ र ८ गते)

निर्मला पन्तको वलात्कार र हत्या घटनाका मुख्य अभियुक्तको रुपमा भाद्र ४ गते दिलिपसिंह विष्टलाई सार्वजनिक गरिएपश्चात आन्दोलन अरु चर्किएको थियो । त्यसक्रममा भाद्र ७ गते दिउसो महेन्द्रनगरका विभिन्न स्थानवाट निस्केको जुलुश क्रमशः जिल्ला प्रशासन कार्यालयतर्फ केन्द्रित हुन थालेको थियो । सो जुलुशका सहभागीहरु थप उग्र एवं उत्तेजित हुदै सुरक्षाकर्मीमाथि ढुंगा प्रहार, जिल्ला प्रशासन कार्यालयका साथै ट्राफिक प्रहरी कार्यालय लक्षित आक्रमणमा अग्रसर भएपछि प्रदर्शनकारी र सुरक्षाकर्मीहरुवीच पटकपटक झडप भएको थियो । त्यसैवीच स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीद्वारा लाठीचार्ज, अश्रुग्यास, हवाईफायर गरेको र त्यसक्रममा भिमदत्त न पा ४ महेन्द्रनगर का अर्जुन भण्डारा सोही नपा २ झासीका चेतराज भट्ट सहित केही प्रहरी पनि घाइते भएका थिए । सोही दिन सांझदेखि

भाद्र ८ गते अपरान्ह १४.०० वजेतिर लक्ष्मी जोशी,  अन्जु कार्की(चौधरी), चन्द्रवहादुर थापा, हर्क चन्द, केशवराज जोशी(नेवि संघका सह अध्यक्ष) समेत ३०/४०  जनाको समूह संविधानचोकदेखि वसपार्क, भानुचोक, सव्जीमण्डी, ओपेरा होटल  हुलाक रोड हुदै जल्ला प्रशासनतर्फ वढेको, जुलुशको संख्या क्रमशः वढ्दै गएको, राजमार्गको विभिन्न स्थानमहेन्द्रनगर वजारका विभिन्न चोकहरु स सानो समूहमा भेला भई टायरहरु वालेका, वेलकोटवाट आएको समूहले जिल्ला प्रहरी कार्यालय अगाडि पुगेर  केहीवेर प्रदर्शन गरी वसपार्क, भिमदत्त नगरपालिका कार्यालय क्षेत्र हुदै जिल्ला प्रशासन कार्यालयतर्फ वढेको,अर्को समूह वसपार्क क्षेत्रवाट मुल सडक हुदै  जिल्ला ट्राफिक कार्यालय अगाडि पुगेर सो कार्यालयलाई लक्षित गरी ढुंगा प्रहार गरेको, यसप्रकार विभिन्न स्थानवाट निस्केर उल्लिखित क्षेत्रमा केन्द्रित भएका प्रदशर्नकारीको संख्या अन्दाजी ५०० जति रहेको, सो समूहले सुरक्षाकर्मीमाथि ढुंगामुढा गर्नुका साथै ट्राफिक कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायतका केही सरकारी कार्यालय तथा निजी निवासहरु, सवारी साधनमा तोडफोड गरेको र उक्त भीड अराजक एवं उत्तेजित हुन थालेपश्चात १७.०० वजेतिर स्थिति नियन्त्रणमा लिन भएको सुरक्षा कारवाहीमा सन्नी खुना(भिमदत्त न पा १८ भगतपुर, वर्ष १५) लगायत दर्जनौ प्रदशर्नकारी घाइते (घाइतेहरुको नामावली र क्षतिको विवरण अनुसूचि मा संलग्न छ) भएका, यसरी गोली लागी गंभीर घाइते भएका सन्नी खुनालाई उपचारका लागि अस्पतालमा लगिएकोमा वीच वाटोमा नै उनको मृत्यु भएको र निजको शव प्रदशर्नकारीहरुले अस्पतालवाट नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालय अगाडि सडकमा ल्याएर छाडेका थिए।

## भाग ३

## तथ्य र सूचनाको विश्लेषण

उपरोक्त घटना र त्यसबाट सृजित प्रतिकात्मक घटनाहरु, घटनाको अनुसन्धान र त्यसक्रममा भएको कामकारवाही, पीडित पक्षको माग र विभिन्न पक्षहरुसंग भएका छलफल,कुराकानी, छानविनका क्रममा प्राप्त तथ्य एवं सूचनाबाट मूलतः निम्न कुराको विश्लेषण गरी निक्र्यौल गर्नुपर्ने देखिन्छ ।

(क) निर्मला पन्तको वलात्कारपछि हत्या भएको घटना सन्दर्भमा भएका प्रहरी अनुसन्धानमा कुनै प्रकारको कैफियत थियो वा थिएन ?

(ख) विरोध प्रदर्शनका क्रममा वल प्रयोग गर्नपर्ने अवस्था थियो थिएन ? वल प्रयोग गर्दा प्रक्रिया पूरा गरिएको छ छैन ?

### ३.१ मृतक निर्मला पन्तको हत्या सम्वन्धी घटनाको छानविनको क्रममा वुझिनआएका तथ्यहरु

(१) मिति २०७५।४।१० गते राती २०:३० बजेतिर वडा प्रहरी कार्यालयमा प्र.नि.जगदिश भट्टलाई निजको मोवाईबाट नं. ९८४८७२२९४६ तथा ल्याण्डलाईन नं ५२११५६ तथा ५२११५७ मा वडा सदस्य रविन्द्र तिवारी र लक्ष्मण भट्टको मोवाईबाट फोन गर्दा घटना समवन्धमा कुनै सुनवाई नभएको तथा लक्ष्मण भट्टको श्रीमती मन्जु भट्टको मोबाइल नंम्बरबाट समेत उक्त वडा प्रहरी कार्यालयमा घटनाबारे जानकारी गराउँदा "दिउँसो ११ बजे हराएको अहिले खबर गर्ने हो ?" भनी उल्टै झपारेको । सोही दिनको राती अस्थायी प्रहरी पोष्ट सालघारीमा गएर घटनावारे जानकारी गराएको र जिल्ला प्रहरी कार्यालयमा समेत मोबाइलबाट खबर गर्दा सुनवाई नभएको भन्ने पीडित र स्थानीयको भनाई रहेको ।

(२) मृतक वालिका निर्मला पन्त साउन १० गते अनिता वम र आंचल वम(दिदीवहिनी) को घरवाट हराएको हुंदा निज दिदीवहिनीलाई हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने भन्ने पीडित पक्ष र धेरैजसो स्थानीयहरुको माग रहेको तर उनीहरुलाई प्रहरीले केही दिनसम्म दिउंसो जिल्ला प्रहरी कार्यालयमा ल्याएर सोधपुछ गर्ने र वेलुकी घर पठाउने गरेको वुझिनआएको ।

(३)	अनुसन्धानको क्रममा प्रहरीले आशंकित व्यक्तिहरु (अनुसूची  मा उल्लेख छ) लाई नियन्त्रणमा लिई सोधपुछ गर्नुका साथै अनुसन्धानका अन्य प्रक्रियाहरु वढाएको। तिनीहरुमध्ये चक्रदेव वडु(भिमदत्त न पा १८ निवासी, रामदत्त वडुका छोरा ) लाई ११ दिन हिरासतमा राखी सार्वजनिक अपराध तथा सजायं ऐन २०२७ अन्तरगत धरौटीमा छाडिएको र अन्यलाई भने कुनै आधार तथा कारण नदेखिएको भनी छाडिएको। त्यसक्रममा प्रहरीद्वारा ७० जनाभन्दा वढीलाई नियन्त्रणमा लिई सोधपुछ गरिएको। तर अनुसन्धानको सहयोगका लागि कुकुर प्रयोग भने नगरिएको ।

(४)	उक्त घटनाको अनुसन्धानको क्रममा पक्राउ गरी अभियुक्तको रुपमा म्याद थप समेत गरेर भाद्र ४ गते सार्वजनिक गरिएका दिलिप सिंह विष्ट (भिमदत्त न. पा.) ले  प्रारम्भिक सोधपुछमा अभियोग स्वीकार गरेको भन्ने अनुसन्धानमा खटिएका प्रहरीको भनाई रहेको। तर निज विष्टले जिल्ला सरकारी वकिल कार्यालयमा गरिएको लिखित वयानमा अभियोग अस्वीकार गरेको। छानविन समितिको सोधपुछमा प्रहरीले आफूलाई पानीपट्टि लगाएर यातना दिई झुट्टा विवरण स्वीकार्न वाध्य पारी फसाउन खोजेको भन्ने भनाई निज विष्टको रहेको।

(५)	भाद्र ४ गते अपरान्ह १२:०० वजे  जिल्ला प्रहरी कार्यालय कन्चनपुरवाट खडा गरिएको वरामदी मुचुल्कामा अमित गोल्ड लेखिएको निलो कट्टु थान १, निलो रंगको भित्री शरिरमा लगाउने गन्जी थान १ र खैरो रंगको जिन्स हाफपाइन्ट थान १ भनी उल्लेख रहेको।  सोही दिन १६.०० वजे साईकल भेटिएको स्थान नजिकै, सेतो खैरो धर्का भएको कपडाको टुक्रा भेटिएको भनी बरामदी मुचुल्कामा उल्लेख गरेको। तर सोही दिनको १२.०० वजेतिर  प्र.ना.नि. डिकरदेव पन्त लगायत CIB  को टोली दिलिप सिंह बिष्टको घरमा गई  नासपति किनेर खाएका र निजको घर पछाडि गएर आरोपितले लगाउने कपडा र कपडाका टुक्रा लिई गएको भन्ने सोही घरका परिवारका सदस्य तथा छिमेकीको भनाई रहेको।

(६)	मिति २०७५।४।११ गते जिल्ला प्रहरी कार्यालय (कञ्चनपर) बाट तयार पारिएको घटनास्थल प्रकृति मुचुल्कामा रातो भेष्ट, कलेजी रंगको सुरुवाल र खरानी रंगको पेन्टी मृतकको शरिरमा भएको भनीएको र घटनास्थल नजिकै फेला परेको दसीको सम्बन्धमा "Beauty र atlas” लेखेको बैजनी

रङ्गको साइकल थान १, English, Math र Science विषयको Note बुक थान ३ मात्र दसी सनाखत मुचुल्कामा उल्लेख गरिएको पाइएको । तर सवैले भन्ने गरेका र रोशनी बमले समेत लगेर गएको भनेको र उक्त स्थानमा फेला परेको प्लाष्टिकको झोलामा रहेको अम्वालाई अनुसन्धानमा खटिएको प्रहरीले वरामदी मुचुल्कामा उल्लेख गरेको नदेखिएको ।

(७) लोकेन्द्र भट्टको घर घटनास्थल भन्दा पश्चिम वडा प्रहरी कार्यालयको प्र.नि. जगदिश भट्टको घरसंगै रहेको र साइकल भेटाए भन्ने गोपाल भन्ने साधुराम चौधरी पनि साउन ११ गते विहान १०:०० बजेतिर ५०० मि. टाढा सौंच गेरर फर्कदा सो साईकल खोलामा देखी त्यहांवाट निकालेर आफू बस्ने घरतिर नल्याई विपरित दिशातिर अन्दाजी १०० मि. पुर्व चक्रदेव बडू( हाल सार्वजनिक अपराध तथा सजांय ऐन अन्तरगत तारेखमा रहेका) को घर नजिकै राखेको । साधुराम चौधरीले कहिले साईकल उल्टो फर्केको थियो, कहिले ह्यान्डील, सिट माथितिर फर्केको थियो, कहिले घाँस काट्न जाँदा, कहिले सौंच गरेर फर्कदा भेटेको भन्ने जस्ता कुराहरु वारम्वार वदलेको हो भन्ने सर्वसाधारणको प्रश्न रहेको ।

(८) भिमदत्त नगरपालिका वार्ड नं १८ बस्ने धना भण्डारीले अघिल्लो दिन अन्दाजी ४/५ बजेतिर साइकलको हेण्डील र सिट देखे तर कापी, अम्बा नदेखेको भन्ने र निज साधुराम चौधरीले पनि कापी तथा अम्बा नदेखेको भन्ने भनाई रहेको ।

(९) भिडियो फुटेज र सर्वसाधारणको भनाई अनुसार कापीहरु मिलाएर राखेको देखिन्छ साथै भिजेको पनि देखिदैन तर राती पानी परेको भन्ने प्रहरी, पिडित परिवार र आम नागरिकको भनाई रहेको ।

(१०) मृतकको शव अन्त्येष्टी गराउन पीडितको विश्वास जितेर अघि बढ्नुपर्नेमा मृतकको बुवा यज्ञराज पन्त र आमा दुर्गादेवी पन्त तथा यज्ञराज पन्तका आफ्नै साला केशव भण्डारी हुँदाहुदै साला नाता पर्ने अर्का तिर्थराज भण्डारीले डोटीबाट आएर दबाब र धम्की दिएको भन्ने आम नागरिक तथा पीडित परिवारको भनाई ।

(११) रोशनी भन्ने आँचल बम र बबिता भन्ने अनिता बमलाई अनुसन्धानको लागि हिरासतमा राखिएन र बयान पनि लिइएन, मिति २०७५।४। १० गते पढाईएको ट्यूसनको पाठ अनिता बमको साथी विद्या पन्तसंग प्रहरीले माँगी फोटोकपी गरेर सार्न दिएको, सर्वसाधारणलाई हिरासतमा राखियो र अपराध

स्वीकार्न यातना दिनेजस्ता कार्यले घटनाको अनुसन्धान शंकास्पद तवरले गरेको भन्ने आमनागरिक तथा सर्वसाधारणको भनाई।

(१२) अनिताको घरमा विगत २ महिनादेखि कुनै पनि मान्छे नगएको भनी एस.पि. दिल्लीराज बिष्टले सर्वदलीय वैठकमा ठोकुवाका साथ दावी गरेको भन्ने सो वैठकका सहभागिहरुको भनाई।

(१३) बबिता बम भन्ने अनिता बम पढन ट्यूसन पढ्न जाने Tuition Center का प्रिन्सिपल बाबुराम रावतले मिति २०७५।४।१० गते ट्यूसन पढ्न बविता भन्ने अनिता बम आए नआएको बताउन नसक्ने भनी जवाफ दिएको र अनिताका बाबु र अनिता स्वयं आई मिति २०७५।४।१० गते ट्यूसन पढ्न आएको थिईन भनी दिनुहोस भन्दा निज अनिता बमका अन्य साथीहरुले समेत भन्न नमानेको भन्ने बाबुराम रावतको भनाई।

(१४) प्रहरी क्रियाकलापमाथि नै आशंका गरिएकाले स्वतन्त्ररुपले मृतकको Vaginal swab को Sample तथा आशंका गरिएका व्यक्तिहरुको नमुना स्वतन्त्र र निष्पक्ष रुपमा परीक्षण गर्न नेपाल सरकारको अन्य प्रयोगशालामा पठाइएन भन्ने केही अधिकारकर्मी तथा नागरिक अगुवाहरुको भनाई ।

(१५) डोटी जिल्लाको बुडर बस्ने यज्ञराज पन्तको साला नाता पर्ने तिर्थराज भण्डारीले निर्मला पन्तको लास अन्त्येष्टि गराउन मृतकका वावु यज्ञराज पन्तलाई दबाब दिएको, मेरी भान्जीको सदगत गर्न नदिने को हो ? भन्दै मृतकको दाहसंस्कार गर्न अग्रसर भएको। तर तत्पश्चात उनी हालसम्म र विगतमा पनि कुनै पनि दिन दिदीभिनाजुको घरमा नआएका। सदगत गर्न पनि नगएका र त्यसपछि फोन पनि नगरेको, निर्मलाको सदगत गरि सकेपछि निज भण्डारीको मोवाईल स्वीचअफ गरिएको भन्ने यज्ञराज पन्त समेतको भनाई रहेको।

(१६) घटना भएको २६ दिनपछि मिति २०७५।५।४ गते समय १६:०० बजे भिमदत्त नगरपालिका वडा नं. १८ स्थित पुर्वमा लोकेन्द्र भट्टको उखुवारी पश्चिम भगतपुर खोला नजिक उन्युको बुटामुनी अलिकति पुरिएको माटो लागेको अवस्थामा सेतोमा कालो धर्सा भएको सानो कपडाको टुक्रा (खल्तीको टुक्रा जस्तो) फेला परेको भन्ने बरामदी मुचुल्का तर खल्तीको टुक्रा कसरी खस्यो, किन खल्तीको टुक्रा जस्तो भनीयो? खल्तीको टुक्रा हो भने प्रष्ट रुपमा नै देखिन्छ र लास भेटिएको स्थानमा नै वारदात घटेको भए

मृतकले आत्मरक्षाका लागि बल प्रयोग गरेको संकेत देखिनुपर्ने हुन्छ। उक्त कार्य मृतकवाट भएको संकेत नभेटिएको भन्ने प्रत्यक्षदर्शीको भनाई।

(१७) साइकल भएको ठाउँबाट मृतक निर्मला पन्तलाई जवरजस्ती लगेको भए साइकल डुबेको तर हयाण्डल र सिटमात्र देखिएको भन्ने भनाईलाई आधार मान्दा घटना हुदाका बखत नालामा कम्तिमा पानी ४ फिटजति भएको हुनुपर्ने, ४ फिट गहिरो नालाबाट अपराधीले एक्लै जबरजस्ती बालिकालाई लिई उखुवारीको डिलसम्म पुग्दा नाला पारी उखुवारीको डिल मुनी कम्तीमा पनि अपराधीको २ वटा पाइला घसिएको र झारपात मडारिएको हुनुपर्ने भन्ने प्रत्यक्षदर्शी तथा पीडित परिवारको भनाई रहेको।

(१८) अनिता बमको छिमेकी देवकी भट्टकी ६ वर्षिय छोरी कृतिका भट्ट स्कुलबाट आई अनिता वमको घरमा टि.भि. हेरी बसेको र उक्त समयमा अनिताकी वहिनी रोशनी बाहिर बुइगलमा रहेको र देवकी भट्ट आई आफ्नी छोरी लिई गएको भन्ने कृतिका भट्टले छानविन टोली समक्ष व्यक्त गरेकी।

(१९) निर्मलाको लास मिति २०७५।४।१३ गते नजलाए कर्फयू लगाएर भए पनि जलाइन्छ, मान्छे गोली लागेर मरे भने तिमी जिम्मेवारी हुनु पर्छ भनी निर्मला पन्तको बाबु यज्ञराज पन्तलाई एस.पि. दिल्लीराज बिष्टले धम्की दिएको भन्ने मृतकका बाबु तथा अन्य नागरिकहरुको भनाई।

(२०) घटना भएपश्चात घटना स्थलमा एस.पि. दिल्लीराज विष्ट एक पटक पनि नगएको भन्ने पिडित परिवार र त्यसतर्फका सर्वसाधारण नागरिकको भनाई।

(२१) घटना पश्चात बबिता भन्ने अनिता बमको घरको अम्वाको रुख काटिएको देखिएको।

**<u>प्राप्त तथ्यहरुको मुल्याङ्कन र विश्लेषण</u>**

(२२) लासलाई पानीमा घोप्टो पारेर फालिएकोले बलात्कारका कुनै पनि दसी प्रमाण लिन नसकिने गरी घटना अन्तै घटाई नियोजित रुपमा उखुबारीमा फालेको जस्तो देखिने। वारदात त्यही घटेको भए मृतकको मुखभित्र माटो,फोक्सोमा पानीको मात्रा हुनु पर्ने।

(२३) महाकाली अञ्चल अस्पतालमा मिति २०७५।४।१३ को शव परीक्षणको रिपोर्टमा मृतकको भेजिनामा Spermatozoa नदेखिएको Conformation गर्न Vaginal swabs (high

mid and low) को National Forensic मा पठाउने भनीएको पत्रको व्यहोरा र मृतकलाई पानीमा घोप्टो पारेर प्रमाण लोपहुने गरी राखिएको अवस्थाले पनि उक्त कार्य चलाखीपूर्णरुपमा गरेको जस्तो देखिने।

(२४) मृतकका कापी नभिजेको र मिलाएर राखेको अवस्था तथा जिल्ला प्रहरी कार्यालयमा रहेको उक्त दसीलाई हाल हेर्दा पनि निलो जेलपेनले लेखेको नोट कापी समेत पानीको कुनै असर नपरेको र रातभरी पानी परेको भन्ने आम नागरिक तथा प्रहरी कर्मचारीहरु समेतको भनाईले लास उखुवारीमा नियोजित ढङ्गले ल्याई राखेको अनुमान गर्न सकिने।

(२५) अम्बाको प्लाष्टिक कहि कतै नच्यातिएको अवस्थाले गर्दा जबजजस्ती साइकल पल्टाई बालिकालाई लगेको भए बालिकाका कापी मिलाएर राखेको जस्तो र अम्वाको प्लाष्टिक नच्यातिएको अवस्थामा रहन नसक्ने ।

(२६) साइकल देखे र बाटोमा ल्याए भन्ने धना भण्डारी र गोपाल भन्ने साधुराम चौधरीलाई ल्याई सोधपुछ गर्दा र सोही प्रकृतिको साइकल पानीमा डुबाई राखी हेर्दा घटनापश्चात साइकल नियोजित रुपले खोलामा राखेको जस्तो देखिएको।

(२७) दिउसोको समय र मान्छेहरुको आवतजावत भइरहने सडक नजिकै एउटा व्यक्तिबाट आकस्मिकरुपमा बाटोमा नै समाती जवरजस्ती करणी गर्न असम्भव देखिने किनकी दुई हातले समातेर लिदा पनि वालिका चिच्याउनुपर्ने, लास फेला परेको उखुवारी नजिकै घरमा २ वटा कुकुर रहेको र चक्रदेव बडु तथा निजका बाबु समेत उक्त दिन घरमै भएको भन्ने भनाई र पोष्टमोर्टम रिपोर्टमा बालिकाको तौल ४०/४५ के.जी. उल्लेख गरिएको, एक जनाले आकस्मिक रुपमा बलात्कार गर्न एक हातले बालिकालाई समाते पनि अर्को हातले मुख थुनेको भए वालिकाको सुरुवाल पेन्टी र आफ्नो पाइन्ट, हाफ पाइन्ट पनि खोल्न गाहो हुनसक्ने भएकाले एक जनाले मात्र आकस्मिक बलात्कार गर्न सम्भावना कम देखिएको।

(२८) मृतक निर्मला पन्तको पोष्टमोर्टम रिपोर्टमा मृत्युको कारणमा Throttling Leading to Asphyxia" (घाटी अठ्याएर) भनी उल्लेख रहेको तर CIB टोलीका प्र.ना.उ अगुर जि.सी. ले उपलब्ध

गराएको कागजातमा भने दिलिप सिंह बिष्टले मैले बलात्कार पश्चात Vocal Cord थिचेर मारेको हुं भन्ने कुरा उल्लेख रहेको।

(२९) घटनास्थलको अध्ययन गर्दा लाश भेटिएको स्थानमा पानी र हिलो माटोको कारण जोरजुलुम गरी शारिरीक सम्पर्क गर्न मिल्ने अबस्था नरहेको।

(३०) साइकल लगेको ठाउबाट बलात्कारीले उखुवारीमा मृतक निर्मला पन्तलाई जवजस्ती लगेको भए नालापारी डिलमा पुग्नेवेलासम्म कम्तीमा पनि पैतालाको २/३ वटा गहिरो डोव हुनुपर्ने र झाडी पनि मडारिएको हुनुपर्ने तर सो भएको नदेखिएको भन्ने पीडित पक्षको भनाई रहेको।

(३१) साईकलको चेन विग्रेको भए मृतकको हातमा कालो लागेको हुनुपर्ने, हातका नङ् आदिको पनि लास जाँच मुचुल्कामा उल्लेख गरिएको हुनुपर्ने, सो समेत कहिकतै उल्लेख नगरिएको पीडित पक्षको भनाई रहेको।

(३२) मृतक निर्मला पन्तको बाबु मिति २०७५।४।११ गते नेपालमा नरहेको तर निज मृतकको आमा भने शव भएकै स्थानमा रहेपनि जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट तयार गरिएको मुचुल्कामा आमाको सहिछाप नगराइएको।

(३३) घटनास्थलमा तत्काल कुकुर प्रयोग गर्न सकिने अवस्था भए पनि स्थानीय प्रहरीवाट घटनाको अनुसन्धान सम्वन्धमा कुकुरको प्रयोग नगरिएको।

(३४) निर्मला पन्तको शव वरामदी मुचुल्का गर्न गएको प्रहरी टोलीले मृतकको गोडामा लत्रिएको अवस्थामा रहेको पेन्टी र सुरुवाल निकालेर पानीमा चोपली मृतकको यौनाङ्ग छोपेको र गुप्तांग तथा तिघ्रामा पानीले पखालिएको कुरा भिडियो फुटेजमा देखिएको।

(३५) मृतकले लगाएका कपडा सम्वन्धमा प्रहरीले नै लगेर गएका हुन भन्ने मृतकका परिवारहरुको भनाई र घटनास्थल लासजांच मुचुल्कामा समेत बरामद गरेको देखिएको।

(३६) दिलिपसिंह विष्टको घरवाट मिति २०७५।५।४ गते १२.०० वजे जिल्ला प्रहरी कार्यालय कन्चनपुरवाट खडा गरिएको वरामदी मुचुल्कामा उल्लेख भएको अमित गोल्ड लेखिएको निलो कट्टु थान

१, निलो रंगको भित्री शरिरमा लगाउने गन्जी थान १  र खैरो रंगको जिन्स हाफपाइन्ट थान १ केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परीक्षणको लागि मिति २०७५।५।८ गते च नं ६२३ वाट नमुनाहरु पठाएको।

(३७) दिलिप सिंह बिष्टले शौचालयमा हस्तमैथुन गरेका र शौचालयभित्र पानी नभएकाले हातमा वीर्य लगाएर आएको थियो भन्ने प्र.ना.नि. हरसिंह धामीको भनाई  र जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट मिति २०७५।४।८ गते पठाइएको नमुना परीक्षणको च.नं ६२३ को पत्रलाई प्रतिस्थापन हुने गरि मिति २०७५।५।१० गतेको च.नं ६४६ र ६४९ बाट सेण्डो गन्जी हुनुपर्नेमा निलो रङ्गको सेण्डो गन्जी हुन गएको र हाप पाइन्ट हुनु पर्नेमा खैरो रङ्गको हाप पाइन्ट हुन गएको हुँदा पत्र र नमूना सच्याई दिनु हुन व्यहोराको पत्राचार गरि अनुरोध गरिएको देखिन्छ। तर मिति २०७५।५।४ गतेको बरामदी खानतलासी मुचुल्कामा निलो रङ्गको सेण्डो गन्जी र खैरो रङ्गको जिन्स हाप पाइन्ट नै बरामद गरिएको देखिन्छ।

(३८) एस.पि.दिल्लीराज बिष्टको छोरा किरणराज विष्टले मिति २०७५।४।१० गते होटेल ओपेरामा फोटो सुट गरेको र साथै घरमा साथी साजन बुढा ऐर सहित बसेर सामान्य बर्थडे मनाएको हो। उक्त समयमा आफ्नो हजुरबुबा नाता पर्ने बितेको समय भएकाले भव्यरुपमा नमनाएको हो भनेको साथै मेरो वास्ताविक जन्म मिति २०५४।४।१० गते  हो भनेको तर नागरिकतामा निजको जन्ममिति २०५६ वैशाख १० गते देखिन्छ। मिति २०७५।४।१० गते दिउसो २ बजेपछि होटेल ओपेरामा साथी ऐश्वर्या विष्ट, शिशिर तथा साथीसंग आएका अन्य मैले नचिनेका केटीहरु थिए भन्ने भनाई। निज किरण विष्टको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति २०५६।१।१० र वर्थडे पार्टी मनाईएको भनीएको मिति २०७५।४।१० गतेको कुरा र साथीसंग आएका अन्य केटीहरुलाई चिन्दीन र मेरो फेसवुक आइडिमा उक्त दिन वर्थडेको शुभकामना मेरी दिदीले वाहेक कसैले दिएको छैन भन्ने ब्यहोरा शंकास्पद देखिएको।

(३९) मिति २०७५। ४।११ गते जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खडा गरिएको घटनास्थल लासजांच मुचुल्कामा निर्मलाको कापी साईकल रहेको स्थानदेखि १ मिटर टाढा पानीमा रहेको भन्ने उल्लेख रहेको तर वुझिएका मानिसको भनाई र छानविन समितिले हेर्दासमेत कापीमा अलिअलि पानीका थोपा परेको बाहेक भिजेको देखिदैन।

(४०) मिति २०७५। ४। ११ गते जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खडा गरिएको घटनास्थल लासजांच मुचुल्का र दशी सनाखत मुचुल्कामा मृतक निर्मला पन्तको जिउमा रहेको रातो कलेजी रंगको सुरुवाल, रातो रंगको भेष्ट र खरानी रंगको पेन्टी लगायत साईकल,कापी  वरामद गरि प्रहरीले लगेको उल्लेख रहेको। तर वरामद गरिएका उल्लिखित वस्तुहरु हाल नभेटिएको।

(४१) रोशनी बमको घरबाट अम्वा टिपेर लगिएको भन्ने ब्यहोरा स्वयं रोशनी बम र लास रहेको स्थान वारीपट्टी नाला भन्दा माथि र पक्की सडक मुनी कापी र प्लाष्टीकको झोलामा अम्वा देखेको कुरा प्रहरी तथा पीडित परिवार र प्रत्यक्षदर्शीले वताएका तर प्रहरीले उक्त अम्वालाई वरामद गरेको नदेखिएको तथा उक्त अम्वाको रुख २०७५।४।१७ मा दिपेन्द्र वहादुर बमले काटेको देखिएको।

(४२) मृतक निर्मला पन्तको बुबा यज्ञराज पन्त मिति २०७५।४।७ गते भारत गएको र मिति २०७५।४।१२ गते ९ बजे मात्र नेपाल फिर्ता भएको तर जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खडा भएको दशी सनाखत मुचुल्कामा मिति २०७५।४।११ गते मृतकका वाबु भनी रोहवरमा ल्याप्चे सहीछाप गराएको देखिन्छ।

(४३) लास भेटिएको स्थानको वारीपट्टि अम्वा ,कापी तथा साईकल भेटिएको स्थलमा तत्काल कुकुर प्रयोग गर्न सकिने अवस्था भएपनि स्थानीय प्रहरीबाट अनुसन्धानमा कुकुरको प्रयोग नगरिएको।

(४४) मिति २०७५।५।४ गते दिनको १२ वजे दिलिपसिंह विष्टको घरमा गएको प्रहरी टोलीले निज विष्टले लगाउने कपडा बरामद गरि ल्याएको मुचुल्का र सोही दिन अपरान्ह ४ वजे निर्मला पन्तको शव भेटिएको स्थान नजिकै पकेटको टुक्रा जस्तो देखिने कपडाको टुक्रा भेटिएको बरामदी मुचुल्कामा उल्लेख रहेको। सोही दिन ६ वजे दिलिपसिंह विष्टलाई सार्वजनिक गरिएको तर निज दिलिपसिंह विष्टलाई सरकारी वकिलसमक्ष मिति २०७५।५।८ गतेमात्र बयान गराएको देखिएको।

(४५) मिति २०७५।५।७ गते नेपाल सरकार गृह मन्त्रालयबाट गठन भएको उच्चस्तरीय छानविन समिति महेन्द्रनगर पुगिसकेपछि अभियुक्त बनाइएका  दिलिपसिंह विष्टको DNA परीक्षण  र निजको घरबाट वरामद गरी ल्याइएका कपडामा बिर्यको मात्रा छ छैन भनी क्रमशः च.नं ६२१,६२२,६२३ र  ६२४ मिति २०७५।५।८ गतेको पत्रबाट नमूना परिक्षण गर्न पठाएको देखिएको।

## ३.२ प्रदर्शनका क्रममा भएका वल प्रयोग र क्षति

दिलिप सिंह विष्टलाई पक्राउ गरी सार्वजनिक गरेदेखि नै सो को विरोधमा वढ्दो जनआक्रोश तथा प्रदर्शन र दवावलाई क्रमशः वढाउदै लगेको जानकारी र आन्दोलन अराजक हुनसक्ने पूर्व संकेत पर्याप्त हुंदाहुंदै पनि सुरक्षा निकायले त्यसलाई हल्कारुपले लिएको देखियो । विशेषतः भाद्र ७ र ८ गते प्रदर्शनकारीहरुको स– सानो समूह महेन्द्रनगर वजार र आसपासका विभिन्न स्थानवाट नारावाजी गर्दै वढेको, भीड अरु उत्तेजित हुदै विभिन्न सरकारी कार्यालय एवं सवारी साधनमा तोडफोड, निजी घर र सम्पत्तिमाथि आक्रमण गर्दै ट्राफिक कार्यालय र जिल्ला प्रशासन कार्यालयतर्फ केन्द्रित हुन थालेकोमा उत्पन्न अवस्थालाई विश्लेषण गर्दै सुरक्षा चुनौतीको सही आंकलन गरी सुरक्षा तैनाथी र परिचालन गर्न सकेको अवस्था पाइएन वा परिस्थितिलाई कम आंकेको (Undermine) देखियो ।

भाद्र ८ गते दिउंसो वसपार्क,भासी तथा पुरानो जिल्ला प्रशासनतर्फवाट वढेको प्रदर्शनकारीहरुको अलगअलग समूह जिल्ला ट्राफिक कार्यालय र जिल्ला प्रशासन कार्यालय अगाडिको क्षेत्रमा केन्द्रित हुदै त्यहां तैनाथ सुरक्षाकर्मीका साथै ट्राफिक प्रहरी कार्यालयलाई लक्षित गरी ढुंगा प्रहार गर्नुका साथै त्यहां पार्किङमा रहेको सवारी साधन तोडफोड गर्न थालेपश्चात सुरक्षाकर्मीद्बारा दर्जनौ राउण्ड अश्रुग्यास र हवाई फायर गरिएको । प्रदर्शनकारीहरुको अर्को समूह प्रहरीमाथि ढुंगामुढा गर्दै जिल्ला प्रशासन कार्यालयतर्फ वढ्नेक्रममा पटकपटक झडप भएको । अपरान्ह १६:०० वजेपश्चात त्यहां तैनाथ नेपाल प्रहरी र सशस्त्र प्रहरी वलका सुरक्षाकर्मीहरु रक्षात्मक वन्दै जिल्ला प्रशासन कार्यालय परिसरमा एकतृत भएका । त्यसैवीच १६:३० वजेतिर भएको सुरक्षा कारवाहीमा जिल्ला ट्राफिक कार्यालय अगाडि सडकमा रहेका भीमदत्त न. पा. १८, सालघारीका सन्नी खुना(वर्ष १५) घाइते भएको र उपचारको लागि महाकाली अन्चल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । उक्त सुरक्षा कारवाहीको क्रममा भीमदत्त न. पा. १ झासीका उमेश देउवालगायत दर्जनौ घाइते भएका (घाइतेहरुको विवरण अनुसूची छ )

### सन्नी खुनाको मृत्युवारे

- सन्नी खुनाको मृत्युको सन्दर्भमा घटनास्थलको अवलोकन, निजसंगै रहेको साथी, घटनास्थल वरिपरी रहेका पसले र त्यहां वरिपरिबाट देख्नेहरुको कुरा अनुसार नारा जुलुस गर्ने समूह ट्राफिक

प्रहरी कार्यालयतर्फ लक्षित गरी ढुंगा प्रहार गर्दै गर्दा एकाएक गोलीको आवाज आएको र ढुंगा हान्ने समूहमा रहेका निज सन्नी खुना भागदौड गर्नेक्रममा उनको एउटा चप्पल फुत्केको र सो चप्पल टिप्ने सिलसिलामा निजलाई गोली लागेको हो। गोली लागेपछि पनि उनी केही वरसम्म दौडिएकोमा पछि ढल्मलिंदै लडेका हुन् । त्यसको केहीवेर पछि उपचारको लागि अस्पताल लगिएको उपचारको क्रममा उनको मृत्यु भएको हो।

- त्यतिखेर आक्रोशपूर्ण र उत्तेजित भीडको शक्ति, रवैया र हरकतको अवस्था को विश्लेषण गर्दा भीड नियन्त्रण गर्न सुरक्षाकर्मीले तुरुन्तै एक्कासी हवाई फायर खोलेको देखिन्छ। हवाई फायर गर्दा कतै ठोकिएर व्यक्तिलाई लागेको हो की भन्नेतर्फ बिचार गर्दा घटनास्थलको अवस्थिति, गोलीको Moving Direction र वेगको तिव्रता हेर्दा त्यस्तो देखिंदैन। मृतक सन्नी खुनाको शवको पोष्टमोर्टममा मृत्युको कारणमा "Due to rupture of the intra cardiac blood vessels of heart and rupture of intrapulmonary vessels of long hemorrhage and shock as a result of firing injury" भन्ने उल्लेख छ। तसर्थ हाईप्वाईन्टमा ड्युटीमा तैनाथ सुरक्षाकर्मीले घुडामुनी फायर गर्दा अकस्मात शरीरको माथिल्लो अंगमा लाग्न गएको हुनसक्ने देखिन्छ। उत्तेजित भीड नियन्त्रण गर्न पूर्व योजना र तयारी, तदनुरुपको परिचालन, Access नियन्त्रणका लागि विभिन्न स्थानमा व्यारिएरको निर्माणलगायत "Gradual Response and Use of Minimum Force" को सिद्दान्त अपनाइएको देखिएन। साथै त्यतिखेर फिल्डमा खटिएका नेपाल प्रहरी र सशस्त्र प्रहरी वलका सुक्षाकर्मीहरुवीच प्रभावकारी समन्वयको कमी समेत देखिन आउंछ। उक्त दिन उल्लिखित क्षेत्रमा ड्यूटीमा खटिएका प्रहरी कर्मचारीहरुको बिवरण अनुसुची मा संलग्न छ।

### ३.३ अन्य विषयको विश्लेषण

(क) अम्वाको रुख काटिएको सम्वन्धमा

**वविता भन्ने अनिता वम**(वर्ष २१/२३) र **रोशनी भन्ने आचल वम** (वुवा दिपेन्द्रवहादुर बम, जनविकास मावि दार्चुका शिक्षक र आमा ईन्द्रादेवी बम, दुहुँ गाउँपालिका–३ दार्चुलाका वडा सचिव))को घर कम्पाउण्डमा अम्वाको रुख रहेको । निर्मला पन्तको मृत्युको घटनापश्चात अनिताका वुवा आमा दार्चुलावाट महेन्द्रनगर आएका । निज दिपेन्द्रवहादुर वमले घर कम्पाउण्डमा रहेको अम्वाको रुखमा अल्लारे केटाहरु चढेर खाने, होहल्ला गर्ने, छोरीहरुले पनि

खासै अम्वा नरुचाउने र त्यसले कम्पाउण्डवाललाई नै असर गर्ला जस्तो लागेर मैले उक्त अम्वाको रुख साउन १७ गते काटेको हुं भन्ने कुराहरु व्यक्त गरे।

(ख) घरमा नयां रंग लगाइएको भन्नेवारे

उल्लिखित घरमा नयां रंगरोगन पनि गरिएको भन्ने विषय व्यापक चर्चामा आएको, सोही घरिभत्र गई हेर्दा त्यस्तो नयां रंगरोगन गरिएको देखिन आएन।

## भाग ४

## निश्कर्ष र सुझाव

### ४.१ निश्कर्ष

निर्मला पन्तको हत्या घटना र तत्पश्चात उत्पन्न परिस्थितिका विषयमा केन्द्रित भई खुला तथा गोप्यरुपमा सङ्कलन गरिएको विभिन्न तथ्य एवं सूचनाहरुको सुक्ष्म अध्ययन, मुल्याङ्कन र विश्लेषण गरिदा निम्न कुराहरु देखिन आयो।

- वालिका निर्मला पन्त हराएको प्रहरीमा जानकारी गराउदा तत्काल खोजतलासका लागि सम्वन्धित प्रहरी उदासिन रहेको,
- मृतक निर्मला पन्तको साइकल र नोटकपी फेला परेपश्चात सोही आसपासमा शव हुनसक्ने विषयमा गंभीर भई खोजतशव नगरिएको,
- मृतक निर्मला पन्तको हत्या घटनासंग सम्वन्धित प्रमाण संकलनमा खटिएका प्रहरीको लापरवाही र हेल्चक्राई देखिएको,
- निर्मला पन्तको शव वरामद भएको स्थान, निजले प्रयोग गर्ने साईकल एवं नोटकपी, साथीको घरवाट ल्याइएको भनीएको अम्वा र  यी सामग्रीहरु प्राप्त भएको स्थान तथा आसपासका क्षेत्रमा अपराधीको पहिचानका लागि सहयोग हुनसक्ने गरी तालिम प्राप्त कुकुरको प्रयोग नभएको,
- शव फेला परेको स्थान र आसपासको क्षेत्रमा तत्काल पर्याप्त संख्यामा तत्कालिन प्रहरी प्रमुखले सुरक्षाकर्मी परिचालन गरी सुरक्षा व्यवस्थापन नगरेको,
- वालिका निर्मला पन्त जुन घरवाट हराएको हो सोही घरमा वस्ने वविता भन्ने अनिता वम र रोशनी भन्ने आंचल वमलाई हिरासतमा लिई अनुसन्धान प्रक्रिया थालनी गर्नुपर्ने पीडित परिवार र आम नागरिकको मागअनुरुप प्रहरीले तत्काल सो कार्य नगरेको हुदा जनआक्रोश वढेको,
- स्थानीय प्रहरीले यथेष्ट सवुदप्रमाण विना दिलिपसिंह विष्टलाई अनुसन्धानका लागि म्याद थप गरी सार्वजनिक गरिएको,
- मिति २०७५।५।४ गते  १२.०० वजे जिल्ला प्रहरी कार्यालय कन्चनपुरवाट खडा गरिएको वरामदी मुचुल्कामा उल्लेख भएको  अमित गोल्ड लेखिएको निलो कट्टु थान १ निलो रंगको भित्र शरिरमा लगाउने गन्जी थान १  र खैरो रंगको जिन्स हाफपाइन्ट थान १ केन्द्रीय प्रहरी विधि विज्ञान

प्रयोगशालामा परीक्षणको लागि मिति २०७५।५।८ गते च नं ६२३ वाट नमुनाहरु पठाइएकोमा मिति २०७५।५।१० गते पुनः च नं ६४६ र ६४९ वाट उल्लिखित पत्रमा उल्लेख गरिएको नमुनालाई सच्याई दिन पत्र लेखिएको,

- मृतक निर्मला पन्तको वलात्कार हत्या घटनासंग सम्वन्धित प्रमाण लाग्न सक्ने वस्तुहरु भित्री वस्त्र पानीमा चोपलेको, गुप्तांग र तिघ्रा पखालिएको तथा उक्त वस्त्र नै लोप भएको,
- मृतक निर्मला पन्तको वावु यज्ञराज पन्त २०७५।४।७ गते भारत गई साउन १२ गतेमात्र नेपाल फर्केका । तर निज यज्ञराज पन्त नेपालमा नरहेको मिति २०७५।४।११ मा जिल्ला प्रहरी कार्यालय कन्चनपुरवाट खडा गरिएको दसी प्रमाण सनाखत मुचुल्का कागजातमा मृतकका वावुको नाममा सही छाप गरेको कागजातवाट देखिनआएको,
- तत्कालिन प्रहरी प्रमुख दिल्लिराज विष्टको व्यवहार र कार्यशैलीका कारण आमनागरिक तथा पिडित परिवारका सदस्यहरु प्रहरीको कामकारवाहीप्रति विश्वस्त हुन नसकेको,
- मृतकको शव अन्त्येष्टी गर्न पीडित परिवारलाई प्रहरी प्रशासन र केही ब्यक्तिहरुले अनावश्यक प्रभाव, दबाब तथा धम्की दिएको भन्ने पीडित परिवार तथा आम नागरिकको भनाई,

- वडा प्रहरी कार्यालयको ईन्चार्ज जगदिश भट्टले मिति २०७५।४।१० गते राती २०.०० बजेतिर निर्मला पन्त हराएको खबर थाहा पाएर पनि घटनाको सम्वन्धमा गम्भिर नबनेको, मृतक निर्मला पन्त निजकै छिमेकी रहेको, निज प्र.नि भट्टको भतिजा लोकेन्द्र भट्टको घरमा बस्ने माइलो भन्ने गोपाल चौधरीले साईकल भेटेको सम्वन्धमा फरक फरक भनाई राखेको तथा निज प्र.नि कमाण्डर भई खटिएको ट्राफिक चोकमा क्षेत्रमा एस.एल.आर वन्दुकको सवैभन्दा वढी ७२ राउण्ड खर्च भएको देखिन्छ ।

- मिति २०७५।४।१० अनिता बम टियूसन पढ्न आएको एकिन छैन । सो विषयमा प्रहरीले मेरो कापी मागी साउन १० गतेको ट्यूशन पढेको नोटकपीको फोटोकपी गरेर लगेका हुन् भन्ने Mirai Education Visa Centre मा ट्युशन पढ्ने विद्या पन्तको भनाई, उक्त दिन अनिता बम ट्यूशन पढ्न आए नआएको एकिन नभएको भन्ने सो ट्युशन सेन्टरका संचालक वावुराम राउतको

- भनाई। साथै अनिता बम र निजकी वुवा स्वयंम सो ट्युशन सेन्टरमा गई उक्त दिन ट्यूशन पढ्न आएको भनी दिनु पर्यो भनी गरिएको आग्रहमेतलाई आधार मान्दा निज अनिता वमको गतिविधि शंकास्पद देखिन्छ।

- मिति २०७५। ४।११ गते जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खडा गरिएको घटनास्थल लास जांच मुचुल्कामा निर्मलाको कापी साईकल रहेको स्थानदेखि १ मिटर टाढा पानीमा रहेको भन्ने ब्यहोरा लेखिएको देखिन्छ। छानविन समितिले हेर्दासमेत कापीमा अलिअलि पानीका थोपा परेको बाहेक भिजेको देखिदैन। उक्त कापीमा निलो जेल पेनले लेखिएको छ र कुनै पनि अक्षरहरु नष्ट समेत भएको देखिएन।

- रोशनी बमको घरबाट अम्वा टिपेर लगिएको भन्ने ब्यहोरा स्वयं रोशनी बम र लास रहेको स्थान वारीपट्टी नाला भन्दा माथि र पक्की सडक मुनी कापी र प्लाष्टीकको झोलामा अम्वा देखेको कुरा प्रहरी तथा पीडित परिवार र प्रत्यक्षदर्शीले वताएका तर प्रहरीले उक्त अम्वालाई वरामद नगरेको। साथै रोशनी बमको घरको अम्वाको रुख घटनापश्चात मिति २०७५।४।१७ मा रोशनीका बुबा दिपेन्द्र वहादुर बमले काटेको।

- आन्दोलनकारीहरुको आक्रोशित र उत्तेजित भिडसम्वन्धी यथेष्ट पूर्व सूचना र तदनुरुपको योजना एवं परिचालन नभएको। त्यसक्रममा गरिएको सुरक्षा कारवाहीको सिलसिलामा "Gradual Response and Use of Minimum Force" को सिद्दान्त नपनाइएको, जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुवीच प्रभावकारी समन्वयको अभाव देखिएको,

## ४.२. सुझाव

### ४.२.१ यस घटनाका सम्बन्धमा दिइएका सुझावहरु

- घटनाका अभियुक्त भनीएका दिलिपसिह विष्टले आफूलाई चरम शारिरीक यातना दिई अभियोग स्वीकार्न वाध्य पारिएको, हत्यासम्वन्धी झुट्टा विवरण तयार गरेर स्वीकार्न लगाइएको भन्ने भनाई, जिल्ला सरकारी वकिल कार्यालयमा इन्कारी वयान दिएका, प्रयोगशालामा गरिएको डीएनए

परीक्षण नेगेटिभ आएको। अतः निज विष्टलाई केरकार एवं सोधपुछ गर्ने टोलीमा संलग्न रहेका प्रहरी कर्मचारीहरुलाई तत्काल छानविन गरी विभागीय कारवाही गर्नुपर्ने,

- शव फेला परेको स्थानको सुरक्षा र शव जांच मुचुल्का एवं अनुसन्धान गर्न खटिएका टोलीले कर्तव्यपालनको सिलसिलामा जिम्मेवारपूर्ण भुमिका निर्वाह गरेको नपाइएकोले पदीय तह र जिम्मेवारी एवं भुमिका अनुसार छानविन गरी विभागीय कारवाही गर्नुपर्ने,
- प्रहरी उपरीक्षक दिल्लीराज विष्ट आफ्नो जिम्मेवारीको क्षेत्रभित्र गंभीर प्रकृतिको घटना भएको सूचना प्राप्त हुदा समेत स्वयमं घटनास्थलमा नगएको तथा सो घटनाको थप अनुसन्धानमा समेत निजले निर्वाह गर्नुपर्ने पदीय जिम्मेवारी पूर्णतः पालना गरेको नदेखिदा निजमाथि छानविन गरी विभागीय कारवाही गर्नुपर्ने,
- वालिका हराएको सूचना प्राप्त भएपश्चात तत्काल खोजी कार्यमा सक्रियता नदेखाउने तथा भीड नियन्त्रण गर्नेक्रममा वल प्रयोगमा संलग्न प्रहरी अधिकृत तथा कर्मचारीहरुलाई छानविन गरी विभागीय कारवाही गर्नुपर्ने,
- वालिका निर्मला पन्तको वलात्कार र हत्या घटनाको अनुसन्धान गर्न विषयगत विज्ञहरु समेत सम्मिलित विशेष अनुसन्धान टोली गठन गरी अनुसन्धानको दायरालाई फराकिलो वनाउदै लैजानुपर्ने।
- मृतक निर्मला पन्तको हत्या घटनाको अनुसन्धान तथा सहयोगीको रुपमा खटिएका प्रहरी तथा कर्मचारीको कामकारवाहीको सम्वन्धमा प्राप्त तथ्य, प्रमाण र घटनाक्रमको आधारमा संलग्नता देखिएमा त्यस्ता पदाधिकारीहरुलाई समेत छानविनको दायरामा ल्याउनु पर्ने ।
- विवरणमा उल्लेखित घाइतेहरु मध्ये धेरैजसो सामान्य उपचार पछि घर फर्किएको जानकारी प्राप्त भएको। यदी उनीहरुले उक्त घट्नाका कारणले कुनै उपचार गराउनु परेको अवस्था भेटिएमा उपचार खर्च वा यसैको कारण सामान्य जीवन निर्वाहमा असर पर्ने भए राज्यको तर्फवाट जीवन निर्वाह भत्ता उपलव्ध गराउनु पर्ने।
- पीडित परिवारको सुरक्षा लगायत सामान्य जीवनयापन प्रभावित भएको भए राज्यको तर्फवाट पीडित परिवारको सामाजिक पुनरस्थापना गर्नुपर्ने।

## ४.२.२ भविष्यमा यस्ता घट्ना हुन नदिन अपनाउनुपर्ने सतर्कता सम्बन्धी सुझावहरु

- प्रमुख जिल्ला अधिकारीले जिल्लामा प्रशासनिक नेतृत्व गर्नुपर्ने, सुरक्षाजस्तो संवेदनशिल र न्यायीक क्षेत्रमा समेत काम गर्नुपर्ने तथा सरकारको प्रतिनीधिको हैसियतमा रहनुपर्ने भएकोले त्यस्तो महत्वपूर्ण पदमा जिम्मेवारी दिनेक्रममा गृह प्रशासनको यथेष्ठ अनुभव भएको (Maturity or Related Working Experience), प्र.जि.अ.को आधारभूत तालिम र न्यायीक प्रशिक्षण लिइसकेको व्यक्तिहरुलाई निश्चित अवधि तोकी पठाउने नीतिगत व्यवस्था हुनुपर्ने।
- जिल्लाको प्रशासनिक तथा सुरक्षा निकायका प्रमुखहरुको एकसाथ स्थानान्तरण गर्न उपयुक्त नहुने।
- जिल्लाको शान्ति सुव्यवस्था कायम गर्ने मुल भुमिका र दायित्व रहने प्रशासनिक र सुरक्षा निकायका प्रमुख तथा जिम्मेवार पदाधिकारीहरुवीच उच्चस्तरको व्यवशायिक समन्वय र सम्वन्ध कायम हुनुपर्ने। साथै सम्वद्ध पदाधिकारीहरुलाई तोकिएको जिम्मेवारीप्रति उत्तरदायी र जवाफदेही हुने सम्वन्धी नीतिगत एवं कानुनी व्यवस्था मिलाउनुपर्ने।
- कुनै पनि घटनाको अनुसन्धानमा खटिएका प्रहरी अधिकृत तथा कर्मचारीलाई सो घटनाका कारण उत्पन्न हुनसक्ने विरोध प्रदर्शन वा अन्य दवावमुलक गतिविधि नियन्त्रण गर्ने कार्यमा खटनपटन गर्न नहुने।
- प्रहरी संगठनको जिल्ला नेतृत्वमा स्थानीय व्यक्तिलाई नपठाउने तथा तल्ला दर्जाका कर्मचारीहरुलाई पनि आवश्यकता र औचित्यको आधारमा मात्र घरपायक जिल्लामा पठाउनुपर्ने नीतिगत व्यवस्थाको कडाईका साथ कार्यान्वयन गरिनुपर्ने।
- भीड नियन्त्रण, सुरक्षा कारवाही तथा विपत व्यवस्थापनका लागि चाहिने अत्यावश्यक सामग्रीहरु यथेष्ट र दुरुस्त हुनुपर्ने।
- यस्ता घट्नाहरु पुर्वानुमान गरी समयमै सतर्कता अपनाउनका लागि सूचना संकलन र विश्लेषण महत्वपूर्ण विषयहरु हुन्। यसका लागि जिल्लामा सुरक्षा समितिको सदस्यको रुपमा रा.अ.वि.का कर्मचारी रहने व्यवस्था रहेता पनि सूचना संकलन र विश्लेषण गरी प्र.जि.अ.तथा सुरक्षा निकाय प्रमुखहरुलाई उपलव्ध गराउने कुरा प्रभावकारी हुन सकेको देखिदैन। तसर्थ सूचना संकलन गरी

सम्भाव्य घट्नाहरुको आकलन गरी रा.अ.वि.का जिल्ला प्रमुखले आवधिकरुपमा प्र.जि.अ.लाई सूचना उपलव्ध गराउने नीतिगत व्यवस्थालाई प्रभावकारी वनाउन आवश्यक देखिन्छ।

- कुनै पनि घटना र अपराधको अनुसन्धान गर्नेक्रममा पीडित पक्षको सहभागिता गराउनेसम्वन्धी भएको ब्यवस्थाको प्रभावकारीरुपमा कार्यान्वयन गरिनुपर्ने।
- असामान्य परिस्थितिको नियन्त्रण एवं व्यवस्थापन गर्दा अपनाउनुपर्ने सिद्दान्त,आदेश एवं निर्देश, विधि र चरणसम्वन्धी SOP (Standing Operating Procedure) को प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने।

**समितिका सदस्य उपसचिव वीरेन्द्र बहादुर के.सी. (कानून) को थप राय**

यस प्रतिवेदनको भाग ४ निष्कर्ष र सुझाव खण्डको क्रमविन्दु ८, ९,१०,१३,१४,१५ र १६ मा उल्लेखित भए गरेका कार्य र दिलिप सिंह विष्टलाई चरम यातना दिएर अपराध स्वीकार गर्न लगाएको विषय मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा ३६ को उपदफा २ तथा दफा ८९ बमोजिम भए गरेको देखियो।